का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ पुस २०८२
बुधबार
31 December 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २३, अंक ३२१ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



बालेन शाह र कुलमान घिसिङ, साझा विवेकशील र जेनजी प्रतिनिधिसँगको एकताले रवि लामिछानेलाई केन्द्रीय राजनीतिमा दबदबा बनाउन सहयोग नै गरेको छ । भलै जनताले कति रुचाएका छन् त्यो २१ फागुनमा मतदाताले फैसला दिनेछन् ।

## निर्णायक शक्ति बन्ने दौडमा रवि

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ पुस

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने काठमाडौंस्थित नख्खु कारागारबाट निस्केको दुई साता हुँदै छ । यसबीचमा नेपालको राजनीतिक समीकरणमा ठूलै उथलपुथल भयो ।

सहकारी ठगी मुद्दामा पुर्पक्षका लागि थुनामा रहेका रवि पुस ४ गते जेलबाट रिहा भए । लगत्तै उनको राजनीतिक सक्रियता ह्वात्तै बढ्यो । समानुपातिकतर्फको बन्दसूची बुझाउनुअघि नै काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङसहितका समूहलाई एकीकृत गरेर उनले आउँदो चुनावमा रास्वपालाई राष्ट्रिय शक्ति बनाउने बलियो आधार तयार गरेका छन् ।

२१ फागुनमा तय भएको प्रतिनिधि सभा निर्वाचनका लागि समानुपातिकतर्फ उम्मेदवारको नामावली पुस १३ र १४ गते बुझाउनुपर्ने तालिका थियो । राजनीतिक दलहरू समानुपातिकतर्फ उम्मेदवार फाइनल गर्दै गर्दा लामिछाने काठमाडौंका मेयर बालेन र उज्यालो नेपाल पार्टीका संरक्षक घिसिङसँग संवादमा थिए । पुस १३ मा लामिछाने र बालेन शाहबीच सातबुँदे सहमति भयो । सहमतिअनुसार बालेन शाह प्रतिनिधि सभाको निर्वाचनपछि रास्वपाको संसदीय दलको नेता तथा भावी प्रधानमन्त्रीको उम्मेदवार हुनेछन् । रवि लामिछाने पार्टीको सभापति नै रहनेछन् ।

सहकारी ठगीको आरोपमा जेल परेपछि रास्वपाभित्रैबाट लामिछानेलाई नेतृत्व छाड्न दबाब थियो । सुमना श्रेष्ठ र सन्तोष परियारलगायतका नेताले सोही अडान राखेर पार्टी नै छाडेका थिए । तर जेलबाट निस्केलगत्तै रविले पार्टीमा ऊर्जा मात्रै थपेनन् । पार्टीका प्रभावशाली नेताहरू स्वर्णिम वाग्ले, डिपी अर्याल, शिशिर खनाल, असिम शाहलगायतको उपस्थितिमा आफ्नै नेतृत्वमा रास्वपामा बालेनलाई भित्र्याए । यसले उनको उचाइ पार्टीभित्र र बाहिर पनि बढायो । लगत्तै पुस १४ गते घिसिङसँग पनि सहमति गरे ।

पार्टीको नाम रास्वपा, चुनाव चिह्न घण्टी र सभापतिमा लामिछानेलाई नै स्वीकारेर बालेन र कुलमान रास्वपामा मिसिए । जेनजीका थुप्रै पृष्ठ २ मा



कसैले पनि हल्लाउन नसकेका बालेन शाह रास्वपाबाट प्रधानमन्त्री बन्न तयार भए । यो त रविको खुबी हो ।

● **प्रा. डा. सुरेन्द्र केसी**
**राजनीतिक विश्लेषक**

# कांग्रेस–एमालेबीच चुनावी तालमेलको संकेत

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १५ पुस

पार्टीको १५औं महाधिवेशनबारे अनिर्णयको बन्दी बनेको नेपाली कांग्रेसले विघटित प्रतिनिधि सभाको अर्को ठुलो दल नेकपा एमालेसँगको चुनावी तालमेलको गृहकार्य थालेको छ । पार्टी सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच यसबारे अनौपचारिक संवाद अघि बढेको निकटस्थ स्रोतको दाबी छ ।

एमाले उपाध्यक्ष रामबहादुर थापा बादलले मंगलबार सार्वजनिक कार्यक्रममै लोकतन्त्र पुनर्स्थापनाका लागि दुई दल मिलेर जानुपर्ने बताएपछि परम्परागत प्रतिस्पर्धी दलबीच गुपचुपमा भइरहेको संवादले औपचारिकता पाएको हो । नेताहरूले औपचारिक छलफलमा नल्याइएकाले दोस्रो र तेस्रो तहका नेताहरूले यसबारे खुलेर बोलेका छैनन् । मुलुकको तरल राजनीतिक अवस्थाको फाइदा उठाउँदै अन्तर्राष्ट्रिय शक्ति केन्द्रहरूको चलखेल बढ्दै गएको र वर्तमान संविधानसहितको व्यवस्था नै कोल्याप्स गर्न खोजेको दाबी कांग्रेस-एमालेको छ । 'संविधान र व्यवस्थाका पक्षधर राजनीतिक दलहरू मुलुकको स्वाधीनताको रक्षाका लागि चुनावी एकतामा जानुपर्ने विषयमा दलबीच आन्तरिक छलफल सुरु भएको छ,' एमालेका एक पदाधिकारीले मध्यान्हसँग भने, 'चुनावको पूर्वसन्ध्यामा विभिन्न विकल्पबारे कुरा हुनु स्वाभाविक हो । कांग्रेस-एमाले तालमेलको विषय औपचारिक छलफलमा ल्याइएको छैन ।'

पूर्वगृहमन्त्रीसमेत रहेका बादलले निर्वाचनका लागि कांग्रेस र एमालेले बराबरी सिट संख्या बाँडेर सहकार्यका साथ अघि बढ्न सक्ने संकेत गरेका छन् । मदन-आश्रित स्मृति प्रतिष्ठानको कार्यक्रममा अध्यक्ष ओलीको अगाडि उनले मुलुक संकटमा फसेको उल्लेख गर्दै त्यसलाई निकास दिन कांग्रेस-एमालेले मोर्चाबन्दी कसेर अघि बढ्नुपर्ने बताएका हुन् । 'कांग्रेस र एमालेको, दुवै शक्तिहरूको संयुक्त आन्दोलनबाट हामी लोकतन्त्रको पुनर्स्थापना गर्न सक्छौं । त्यसकारण यो रणनीति, यो बाटोबाट हामी अगाडि बढ्यौं भने हामीले लोकतन्त्रलाई फेरि पुनर्स्थापना गर्न सकिन्छ,' उनले भने, 'हाम्रो सहकार्य, हाम्रो मोर्चाले नै देशको राष्ट्रिय स्वाधीनता र अस्तित्व हामी टिकाउन सक्छौं ।' सोही कार्यक्रममा कांग्रेस नेता मीन विश्वकर्माले पनि सहकार्यमै जोड दिएका थिए । उनले कांग्रेस-एमाले २०४६ सालदेखिका सहयात्री भएकाले पृष्ठ २ मा





● **शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

हाम्रो देशसँग उत्तर र दक्षिणमा दुईवटा शक्तिशाली छिमेकी र विश्वको सबैभन्दा ठुलो देशको पनि चलखेल छ । पुराना दलहरूलाई निषेध गरेर मात्रै मुलुकको समस्या समाधान हुँदैन ।



● **महेश बर्तौला**
**एमाले नेता**

संविधान र व्यवस्था पक्षधर राजनीतिक दल मुलुकको स्वाधीनता रक्षाका लागि एक ठाउँ उभिएर राजनीतिक निकास दिनुपर्ने अवस्था आएको छ ।

## कांग्रेसमा महाधिवेशनको च्याप्टर क्लोज

प्रतिनिधि सभाको निर्वाचन अघि १५औं महाधिवेशन गर्ने र नगर्नेबीचको लडाइँले थलिएको नेपाली कांग्रेसको महाधिवेशन अन्ततः रोकिएको छ । आज वडा अधिवेशन गर्ने कार्यतालिका प्रकाशन गरेको कांग्रेसको वडा अधिवेशन भएन । तर केन्द्रीय समितिले न त महाधिवेशनको मिति सारेका छन् न तोकिएकै मितिमा अधिवेशन थालेको छ । यसरी अनिर्णित बनेको कांग्रेसका लागि महाधिवेशनको विकल्पका रूपमा अघि सारेको विषेश महाधिवेशनको प्रयास समेत सफल हुने अवस्थामा छैन । मंगलबार कांग्रेस सभापति शेरबहादुर देउवाले आफ्नै निवास महाराजगन्जमा केही पत्रकारलाई बोलाएर विशेष महाधिवेशनमा नजाने र नियमित महाधिवेशनको वातावरण सबै मिलेर बनाउनुपर्ने सन्देश दिए । देउवाले मुलुक चुनावमा गइसकेकाले त्यसअघि पृष्ठ २ मा

**विवादरहित बनेन बन्दसूची**

## पुरानालाई पछ्याउँदै रास्वपा

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १५ पुस

समानुपातिक निर्वाचन प्रणालीको अवधारणा सीमान्तकृत समुदाय, वर्ग र भूगोलका नागरिकको राज्य संयन्त्रमा समावेशी प्रतिनिधित्व गराउने ध्येयका साथ ल्याइएको संवैधानिक व्यवस्था हो । तर राजनीतिक दलहरूले यसपटक पनि विगतकै प्रवृत्तिलाई दोहोऱ्याउँदै समानुपातिक समावेशिताको मर्ममाथि प्रहार गरेका छन् ।

वैकल्पिक राजनीतिक शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले पठाएका सूचीमा बढी विवाद देखिएको छ । सो दलले प्रि-इलेक्सनमार्फत उम्मेदवार छनोट गरे पनि सूची बुझाउनेबेला आफन्त, नजिकका, सम्भ्रान्त वर्ग र प्रत्यक्ष निर्वाचन लड्न सक्ने व्यक्तिलाई प्राथमिकता दिएको भन्दै चरम असन्तुष्टि जनाएका छन् । कतिपय व्यक्ति जिल्लान्तरण गरेरसमेत बन्दसूची बनाएको छ ।

विवेकशील नेपाली दलबाट आएकी समीक्षा बाँस्कोटादेखि रञ्जु दर्शनासम्म राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिक सूचीमा छन् । त्यस्तै, सहमहामन्त्री भइसकेका विपिनकुमार आचार्यदेखि पूर्वसचिव अनुपकुमार उपाध्याय अनि पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## मलेसियामा सन् २०२६ को अपुग विदेशी कामदार कोटाका लागि आवेदन खुला

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ पुस

मलेसियाले आगामी वर्ष सन् २०२६ का लागि अपुग कोटाका लागि करिब साढे २ महिनाको समय दिएर विदेशी कामदार कोटाको आवेदन खुला गरेको छ । मलेसियाको गृह मन्त्रालयले यसलाई विशेष आवेदन अवधि घोषणा गरेको छ । जसअनुसार आगामी जनवरी १९ देखि मार्च ३१ सम्मको विशेष अवधिमा २०२५ का लागि अपुग पृष्ठ २ मा

## इराक र जापानको रोजगारीबारे श्रम मन्त्रालयको स्पष्टोक्ति

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले इराकका लागि नयाँ श्रम स्वीकृति नदिइएको बताएको छ । शुक्रबारको मन्त्रिपरिषद् बैठकले गरेको निर्णयलाई बुझ्ने क्रममा भ्रम देखिएको भन्दै मन्त्रालयले हाल इराकमै काम गरिरहेका र त्यहाँको आवासीय परिचय पत्र अर्थात् रेसिडेन्सी कार्ड भएकालाई नेपालमा आएर आफ्नो पृष्ठ २ मा

**विज्ञापन वापतको रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह राष्ट्रिय दैनिकमा** विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ पुस मसान्तभित्र** भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिकको** रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा **रकम भुक्तानी नगर्ने कम्पनी/संस्थाहरूको संचालकको नाम र फोटो सहित सार्वजनिक** गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
www.madhyanhadaily.com Madhyanha TV Madhyanha News
नक्साल, काठमाडौं । फोन नं.: **01-5328298, 5326366**
**Email: ad.madhyanha@gmail.com, madhyanhadaily59@gmail.com**

**विज्ञापन वापतको रकम भुक्तानीबारे अत्यन्त जरुरी सूचना**

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०८२ पुस मसान्त**भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तान नगर्ने कम्पनी/संस्थाहरूको नाम र संचालकको फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**
**मध्यान्ह मिडिया प्रा.लि.**
नक्साल, काठमाडौं । फोन नं.: **01-5328298, 5326366**
**Email: ad.madhyanha@gmail.com, madhyanhadaily59@gmail.com**

मध्यान्ह
www.madhyanhadaily.com



# ठुला र पुराना लोकतान्त्रिक शक्तिले नै देशको नेतृत्व गर्ने हो : अध्यक्ष ओली

**काठमाडौं/मस-** नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी दिनमा एमाले र नेपाली कांग्रेसबाहेक अरुले सरकार बनाउन नसक्ने दाबी गरेका छन् ।

'एमाले ११औं राष्ट्रिय महाधिवेशनको सन्देश र राजनीतिक निकास' विषयक मंगलबार मदन-आश्रित स्मृति प्रतिष्ठानद्वारा आयोजित विचारगोष्ठीमा पूर्वप्रधानमन्त्री ओलीले पछिल्ला दिनमा प्रधानमन्त्री पदका सहमति गरेर भन्ने खबर आफूले सुनेको उल्लेख गर्दै एमाले-कांग्रेस बाहेक अरुले सरकार बनाउन नसक्ने दाबी गरे ।

अध्यक्ष ओलीले भने, 'जसलाई



जहाँ भेट्यो, त्यहाँ प्रधानमन्त्री बाँडेर हुँदैन ।' उनले मोर्चाबन्दीले एमालेलाई कुनै फरक नपर्ने टिप्पणी गर्दै ठूला र पुराना लोकतान्त्रिक शक्तिले नै देशको नेतृत्व गर्ने विश्वास व्यक्त गरे । संसद् पुनर्स्थापना आफूहरूको प्राथमिकता रहेको स्पष्ट पार्दै अध्यक्ष ओलीले पछिल्लो राजनीतिक निकासको सोही बाटो अपनाउनुपर्नेमा जोड दिए ।

एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले लोकतन्त्र र मुलुकको रक्षाका लागि वामपन्थी र लोकतन्त्रवादीहरू मिलेर जानुपर्ने बताए । नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले भदौ २३ र २४ को घटनापछि पुराना रु ठूला दलका नेतालाई छानी छानी आक्रमण गर्ने प्रवृत्ति गलत भएको बताए ।

प्रतिष्ठानका अध्यक्ष एवं एमालेका नेता प्रदीपकुमार ज्ञवालीले लोकतन्त्र र मुलुकको रक्षाका लागि पुराना दलहरूको सक्रियताको विकल्प नरहेको बताए । एमालेका केन्द्रीय सदस्य एवं काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनीता डंगोलले एमालेको महाधिवेशनमा नयाँ र पुराना पुस्ताका नेता कार्यकर्ताबीच अनुभव आदान प्रदान भई अहिलेको परिस्थितिमा ऊर्जा उत्पन्न भएको बताइन् ।

## निर्णायक

प्रतिनिधि पनि रास्वपामै गोलबन्द भएका छन् । रास्वपामा यस अगाडि नै साझा विवेकशील मिलिसकेको छ । अर्थात् रविले अदालतमा आफूमाथि जेजस्ता आरोप रहे तापनि राजनीतिमा प्रभाव बढाएका छन् । गत निर्वाचनमा परम्परागत राजनीतिक दलमाथि असन्तुष्टिको संगठित विस्फोटका रूपमा उदाएका लामिछानेको राजनीतिक थप विस्तार हुने देखिएको बिश्लेषकहरु बताउँछन् । त्यसको फैसला भने २१ फागुनमा मतदाताले दिनेछन् ।

टेलिभिजन पत्रकारितामार्फत भ्रष्टाचार, सत्ता दुरुपयोग र पीडितका मुद्दा उठाइरहेका लामिछाने २०७९ को चुनावको चार महिनाअगाडि रास्वपा गठन गरेर राजनीतिमा प्रवेश गरेका हुन् । मिडिया-निर्मित सार्वजनिक विश्वासमार्फत राजनीतिमा आएका उनलाई गत निर्वाचनले जनसमर्थन दिलायो । रास्वपा एकाएक प्रतिनिधिसभामा चौथो ठुलो दलका रुपमा उदायो । लामिछानेको उदयमा पुराना दलहरूबाट निराश मतदाताको मनोविज्ञानले सहयोग गऱ्यो । युवा, सहरी र मध्यम वर्गको आक्रोश, भ्रष्टाचारविरुद्ध तत्काल परिणाम चाहने सोचले पनि काम गऱ्यो ।

लामिछानेले बोकेको राजनीति वैचारिकभन्दा बढी परिणाममुखी र लोकप्रियतावादी देखिन्छ । तर राजनीतिमा आएपछि पनि निरन्तर चर्चा र विवादमा रहे । नागरिकता-पासपोर्टजस्ता विवादले लामिछानेलाई कमजोर बनाउने अनुमान गरिएको थियो । किनभने नागरिकता विवादमा सांसदसहित गृहमन्त्री पद गुमाए तापनि उपनिर्वाचनमा अझ धेरै मत ल्याएर पुनः जनअनुमोदित भए । त्यसपछि पनि उनी गृहमन्त्री भए । तर नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाएपछि उनी सत्ताबाट बाहिरिए । लगत्तै संसदीय छानबिनको सिफारिसमा लामिछानेलाई सहकारी ठगीको आरोपमा जेल पुऱ्यायो । एकभन्दा बढी जिल्लामा सहकारी ठगीको मुद्दा लागेको र जेल परेको भनेर लामिछाने कमजोर बनेको कतिपयको अनुमान थियो । तर उल्टै लामिछाने राजनीतिक पीडितको छविमा पुनर्स्थापित भए । रास्वपाभित्रको नेतृत्व अझ बलियो गरी आफूमा केन्द्रित गरेर शक्ति विस्तार गर्न सफल भएका छन् ।

नयाँ वैकल्पिक शक्तिहरू उनी वरिपरि आकर्षित हुनुलाई उनको सफलतासँग जोडेर हेरिएको छ । लामिछानेको यस्तो उदयले राजनीतिलाई जनमुखी बनाउने दबाब सिर्जना गरेको छ । तर व्यक्ति केन्द्रित राजनीति संस्थागत नहुँदा दीर्घकालीन स्थायित्व कमजोर हुन सक्छ । नीति, वैचारिक स्पष्टता र संगठन विस्तारमा चुक्दा राजनीतिक उदय क्षणिक पनि हुन सक्छ ।

## कांग्रेस...

लोकतन्त्रका लागि एक ठाउँ उभिने बताएर सहकार्यको सम्भावनाको संकेत गरेका थिए । नेताहरूको पछिल्लो अभिव्यक्ति र देउवा-ओलीबीचको निरन्तर संवादले केही दिनमै कांग्रेस-एमालेबीचको चुनावी तालमेलले औपचारिकता पाउने संकेत देखिएको छ ।

जेनजी आन्दोलनबाट भागाभाग भएका पुराना दललाई रोक्नका लागि नयाँ दल तथा समूहबीच भएको एकताले झस्काइदिएका छन् । निर्वाचनमा आफ्नो शक्ति बचाइराख्न पनि तालमेल गर्नुपर्ने बहस दलहरूभित्र सुरु भएको छ । संसद् पुनर्स्थापना भए संसदबाटै मुलुकको निकास खोज्ने र निर्वाचनमै जाने स्थिति निर्माण भएको खण्डमा पुरानो हैसियतअनुसार प्रत्यक्षमा सिट बाँडफाँट गरेर जान अनौपचारिक कुराकानी अघि बढेको कांग्रेसका एक पदाधिकारीले स्वीकारे । 'अहिलेको परिस्थिति हेरेर कांग्रेस-एमालेबीच चुनावी तालमेल हुन सक्ने छलफल अघि बढेका छन्,' उनले भने । अनौपचारिक छलफलमा कांग्रेस-एमालेबीच आधाआधा सिट बाँडफाँट हुने सम्भावना रहेको ती नेता बताउँछन् । कांग्रेस नेता डा. शेखर कोइरालाले पनि मंगलबार देशमा विदेशी शक्तिको चलखेल भइरहेको बताएका थिए । 'हाम्रो देशसँग विदेशीहरूको चासो र चिन्ता छ,' उनले भने, 'उत्तर र दक्षिणमा हाम्रा दुईवटा शक्तिशाली छिमेकी छन् । विश्वको सबैभन्दा ठुलो देशको पनि चलखेल छ । संसद् पुनर्स्थापना गरेर संविधान संशोधनमार्फत प्रत्यक्ष कार्यकारी प्रधानमन्त्रीको कुरा आइरहेकोमा यसमा विदेशीहरूकै चलखेल स्वाभाविक देखिन्छ ।' पुराना दलहरूलाई निषेध गरेर मुलुकको समस्या समाधान नहुने उनी बताउँछन् । नयाँ दल र शक्तिहरूको एकताले राजनीतिमा ल्याएको तरंग आइरहेका बेला हार्ने डरले कांग्रेस चुनावबाट पछि नहट्ने नेता कोइरालाले बताएका छन् । तर एमालेसँगको चुनावी तालमेलमा भने उनी सहमत देखिँदैनन् ।

त्यसो त कांग्रेसले गत वर्ष भएको महासमिति भेलाबाटै निर्वाचनमा कुनै दलसँग गठबन्धन नगर्ने निर्णय गरेको छ । तर पछिल्लो जेनजी आन्दोलनपछिको परिस्थित हेरेर आवश्यक निर्णय लिनुपर्ने संस्थापन पक्षका नेताहरूको भनाइ छ । एमाले पनि यसका सहमत छ । एमाले नेता महेश बतौंलाले कांग्रेस-एमालेबीचको चुनावी तालमेलको औपचारिक छलफल नभएको दाबी गरे । उनले मध्यान्हसँग भने, 'यस विषयमा औपचारिक छलफल भएको छैन । तर संविधान र व्यवस्थाका पक्षधर राजनीतिक दल मुलुकको स्वाधीनताको रक्षाका लागि एकठाउँ उभिएर राजनीतिक निकास दिनुपर्ने अवस्था आएको छ ।'

## कांग्रेसमा...

विशेष महाधिवेशन हुन नसक्ने प्रस्ट पार्दै चुनावपछि नै महाधिवेशन उपयुक्त हुने सुझाव पदाधिकारीहरूलाई दिएको बताए । सभापति देउवाले उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिएर निष्क्रिय बनेका थिए । तर पार्टीका हरेक निर्णयमा उनकै हस्तक्षेप भएको छ । पार्टीको महाधिवेशनको निर्णयदेखि समानुपातिक बन्द सूचीमा समेत देउवाकै हस्ताक्षर चलाइएको छ । समयमा महाधिवेशन नहुने भए विशेष महाधिवेशनको हस्ताक्षर गरेका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि दाबी गर्दै आएका महामन्त्री गगन थापा-विश्वप्रकाश शर्मासहितका नेताहरू अझै विशेष महाधिवेशन भन्दै राष्ट्रिय भेला बोलाउने योजनामा छन् । पुसको १९, २० वा २१ गतेका लागि भेला बोलाउने तयारी भइरहे पनि यकिन नभएको विशेष महाधिवेशन पक्षधर केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले बताए । 'पार्टीभित्र रूपान्तरणका लागि उठेको आवाजलाई बेवास्ता गरियो । विधानको व्यवस्थालाई लत्याउने प्रयास भयो । अब यथास्थितिमा कांग्रेस अगाडि बढ्दैन । विशेष महाधिवेशन पक्षधर एकै ठाउँमा भेला भएर दबाब दिन्छौं,' उनले भने ।

महामन्त्री थापा पक्षधरहरूले हस्ताक्षरकर्ताहरूले नै विशेष महाधिवेशन बोलाउनेबारे कानुनविद्हरूसँग नियमित परामर्श दिएका थिए । महाधिवेशन टार्दै लगिएपछि विशेष महाधिवेशन पक्षका नेताहरूले कांग्रेस केन्द्रीय कार्यालय सानेपामै भेला बोलाउने बताएका छन् । यसैबीच महामन्त्री थापानिकट नेताहरूले सामाजिक सञ्जालमा 'अक्कुपाई सानेपा' ह्यासट्याग ट्रेन्ड सुरु गरेका छन् । उनीहरूले सानेपास्थित कांग्रेस कार्यालय घेराउ गर्ने, सत्याग्रह गर्नेलगायतका दबाबमूलक कार्यक्रमको तयारी गरेका छन् ।

## पुरानालाई...

अरनिको कुमार पाँडेसमेत समानुपातिक सूचीमा छन् । निवर्तमान सांसद असिम शाहका दाजु आसिफ शाह पनि यो सूचीमा समावेश छन् । शाहकै कार्यालयमा रास्वपा र बालेन शाहको राजनीतिक एकीकरण भएको थियो । व्यापारी चन्द्र ढकालका छोरा सचिव ढकाल, गायिका रिमा विश्वकर्मा, गत उपनिर्वाचनमा इलामबाट प्रत्यक्ष लडेका मिलन लिम्बुसहितका नेता समानुपातिकमा राखिएको छ । कतिपय प्रि-इलेक्सनमा चुनिएका नेताहरूलाई सूचीमा समेटिएका छैनन् । प्रि-इलेक्सनलाई ५० प्रतिशत र योगदानलाई ५० प्रतिशत दिएर उम्मेदवार छनोट गर्ने मापदण्ड बनाएको रास्वपाले योगदानलाई समेत बेवास्ता गरेको भन्दै चरम असन्तुष्टि जनाएका छन् । पुरानादेखि नयाँ राजनीतिक दलहरूले आफन्त, निकटका र सम्भ्रान्त वर्गलाई नै पठाएको भन्दै रास्वपामाथि प्रहार भएको छ ।

संविधानमा भएको समानुपातिक समावेशिताको व्यवस्थाअनुसार सबै जातजाति, पिछडिएको वर्ग र समुदायको प्रतिनिधित्व गराउनुपर्ने त्यस्तो नदेखिएको राजनीतिक वृत्तमा बहस चलेको छ । पुराना दल नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी, राप्रपाले समेत समावेशिताको मर्ममाथि प्रहार गरेको आमटिप्पणी भएको छ । नेपाली कांग्रेसले एक दर्जनभन्दा बढी जिल्लाको प्रतिनिधित्व छुटाएर कतिपय जिल्लाबाट बढी संख्या राखेको छ । सो दलले सूची पठाउँदा पुराना र अघिल्ला समानुपातिकबाट आएका नेतालाई नपठाउने मापदण्ड बनाएअनुसार सूची पठाएको छ । तर केही सूचीमा समावेश गर्ने नपर्नेहरू राखेपछि आलोचित बनेको हो । पटकपटक अवसर पाएका वर्तमान सहमहामन्त्री भिष्मराज आङदेम्बे र अर्जुननर सिंह केसीलाई समानुपातिकमा पठाएको छ । त्यस्तै, पूर्वरक्षामन्त्री भिमसेनदास प्रधान, बलबहादुर केसीकी श्रीमती रिना उप्रेतीलाई समेत सूचीमा समेटिएको छ । रिना अहिलेसम्म कुनै जिम्मेवारीमा नपुगे पनि केसी, प्रधान पटकपटक मन्त्रीसमेत भइसकेका नेता हुन् । त्यस्तै, नेकपा एमालेमा माओवादी हुँदै एमाले भएर पटकपटक राज्यसत्तामा पुगेका पूर्वगृहमन्त्री रामबहादुर थापा 'बादल', पूर्वमन्त्रीसमेत रहेकी पार्टी सचिव पद्मा अर्याल, शान्ता चौधरी, गुरु बराल, कोमल ओलीलगायतका नेतालाई समानुपातिक सांसदको सूचीमा पठाएको छ । विगतको तुलनामा केही सकारात्मक देखिए पनि समानुपातिक बन्द सूचीमा पठाएका नेताहरू पटकपटक अवसर पाएका र प्रत्यक्ष निर्वाचनमा लड्न सक्नेहरू रहेका छन् । एमाले र कांग्रेसले मात्रै होइन नेकपा माओवादीमा पनि कतिपय त्यस्तै नेताहरू बन्द सूचीमा पठाएको छ । राप्रपाले पनि नेताहरू राजेन्द्र गुरुङ, मोहन श्रेष्ठलगायत नेताहरूको नाम पठाएकोप्रति आलोचना खेप्दै आएको छ ।

## मलेसियामा...

भएका विदेशी कामदार कोटाका लागि रोजगारदाताहरूले विशेष 'विन्डो'मार्फत आवेदन दिन सक्नेछन् । मन्त्रालयले यसअघि घोषणा गरिएको समयसीमा अनुसार डिसेम्बर ३१ सम्म अर्थात् बुधबार पनि आवेदन प्रक्रिया जारी रहने स्पष्ट पारेको छ ।

मलेसिया सरकारले गत अक्टोबर १ तारिकमा थोक र खुद्रा व्यापार, गोदाम, सुरक्षा सेवाहरू स्क्र्याप, मेटल, रेस्टुरेन्टहरू, कार्गो ह्यान्डलिङ, केलिनिङ, एग्रिकल्चर, प्लान्टेसन, खानी क्षेत्रमा विदेशी कामदारको एप्रुभल खुला गरेको थियो । नेपालीको प्रमुख चासो रहेको म्यानुफ्याक्चरिङको माग भने खुलेको छैन ।

मन्त्रालयले मंगलबार अर्थात् डिसेम्बर ३० मा एक विज्ञप्ति जारी गर्दै घरेलु व्यापार र जीवनयापन लागत मन्त्रालय अन्तर्गत सेवा क्षेत्रका लागि पहिले छुट्याइएको कोटामा पनि आवेदन दिन सकिने बताएको छ ।

जनवरी १९ देखि मार्च ३१ सम्म प्राप्त सबै आवेदनहरू सम्बन्धित मन्त्रालयहरूसँग छलफलपछि स्वीकृत गरिने बताइएको छ । मन्त्रालयले रोजगारदाताहरूलाई एजेन्ट वा तेस्रो पक्षको प्रयोग बिना, विदेशी कामदार व्यवस्थापन प्रणाली (एफडब्लुसिएमएस) अर्थात् वन स्टप सेन्टरमार्फत सिधै आवेदनहरू पेस गर्नुपर्ने बताएको छ । विशेष समय अवधिमा प्रक्रियालाई सहज बनाउन रोजगारदाताहरूले जनवरी १६ देखि मन्त्रालयको आधिकारिक वेबसाइटमार्फत अग्रिम एप्वोइन्टमेन्ट लिनुपर्ने छ ।

रोजगारदाताहरूलाई विदेशी कामदारको आवश्यकताहरू पूरा गर्ने र सेवा प्रवाहमा सुधार गर्ने सरकारको प्रतिबद्धता अनुरूप विदेशी कामदारको आवेदनहरू अझ व्यवस्थित र योजनाबद्ध रूपमा पेस गर्न मद्दत गर्ने लक्ष्य राखेको मलेसियाले बताएको छ ।

२० लाख बढी विदेशी कामदार रहेको मलेसियामा ४ लाख बढी नेपाली वैधानिक रूपमा कार्यरत रहेका छन् । मलेसियाले गत अक्टोबरदेखि मासिक तलबको २ प्रतिशत रकम रोजगारदाताले कर्मचारी सञ्चयकोषमा जम्मा गरिरहेका छन् । मलेसियामा हाल सबै क्षेत्रमा न्यूनतम मासिक तलब १७ सय रिंगेट कार्यान्वयनमा छ ।

## इराक...

रोजगारीलाई निरन्तरता दिन चाहेको अवस्थामा नयाँलाई जस्तै श्रम स्वीकृति दिने जनाएको छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता पिताम्बर घिमिरेद्वारा शुक्रबार जारी विज्ञप्तिमा इराकमा श्रम स्वीकृति प्रदान गर्नेसम्बन्धी निर्णय नेपाल सरकारले इराकमा संस्थागत एवं व्यक्तिगतमार्फत नयाँ कामदारको रूपमा जान खुला गरेको नभई इराकमा कार्यरत नेपाली श्रमिकहरूलाई नेपाल आएको बखतमा इराकको रेसिडेन्सी कार्ड र त्यहाँको वैधानिक भिसा देखाई वैदेशिक रोजगार ऐन र नियमावलीको अधिनमा रही श्रम स्वीकृति प्रदान गर्ने भन्ने विषय रहेको बताएका छन् ।

यसैगरी उनले नेपाली प्राविधिक अभ्यासार्थी कामदार जापान पठाउने निर्देशिका (जिट्को) निर्देशिका, २०६६ खारेज गर्ने भन्ने सम्बन्धमा नेपाल र जापान सरकारबीच समझदारी भई सञ्चालित कार्यक्रम जिट्को सन् २०१७ देखि नै टेक्निकल इन्टर्न ट्रेनी प्रोग्राममा रूपान्तरण भई हाल सञ्चालनमा रहेको, सोही कार्यक्रममार्फत नै हाल अभ्यासार्थी कामदारहरू गइरहेको र सो कार्यक्रममा उल्लिखित निर्देशिका आवश्यक नपर्ने हुँदा नेपाली कामदार पठाउन कुनै बाधा नगरेको बताएका छन् ।

नेपालबाट जापानमा कामदारका रूपमा लैजाने कार्यक्रम (एसएसडब्लु) पनि सञ्चालनमा रहेको र सन् २०२७ बाट नेपाली श्रमिकहरूलाई जापान पठाउन नयाँ समझदारी इएसपिडी समेत प्राथमिकताका साथ अगाडि बढाइएको हुँदा जापान जान रोक वा कुनै अवरोध नहुने जनाउँदै मन्त्रालयले जापान जान चाहने नेपाली श्रमिकका लागि थप सहजीकरण हुने बताएको छ ।

वैदेशिक रोजगार व्यवसायीले जिट्को खारेज भएकाले जापान एल्मुनाई एसोसिएसन (जान)को भाषा परीक्षा पनि सँगसँगै खारेज भएको बताएका छन् । मन्त्रालयले भने जान परीक्षाबारे उल्लेख गर्न छुटाएको छ ।


# BhotekoshiRural Municipality
# Office of Rural Municipal Executive
## Fulpingkatti, Sindhupalchok

## Intention to Award


**Date: 2082/09/16**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Nepal Samacharpatra National Daily dated 2082/08/07', Saurya National Daily dated 2082/08/25','Himalaya Times National Daily dated 2082/08/21'.

| SN | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price(including VAT & PS) |
|---|---|---|---|---|
| 1. | BRM/W/NCB/082/083-01 | Upgrading Works of Listi Bhairavkunda Sadak,Bhotekoshi-1 Sindhupalchok | Jaya Siddhikali-Setidevi J.V (LP:Jaya Siddhikali Construction and Suppliers Pvt.Ltd Sub:Setidevi Panchakanya Construction) ,Melamchi-10 Sindhupalchok | NRs. 1,13.79,112.56 |
| 2 | BRM/W/NCB/082/083-02 | Chisapauwa Muhana Listi Pukutol Water Supply Project | Tung Tung Mahadev Nirman Sewa,Barhabise,Sindhupalchok | NRs. 18,99,631.8 |
| 3 | BRM/W/NCB/082/083-03 | Upgrading Works of Yangale Pokhari Sadak ,Bhotekoshi -5 Sindhupalchok | | NRs. 21,20,518.2 |
| 4 | BRM/W/SQ/082/083-01 | Narayanthan Selangkatti Goretobato and Railing Construction Ward no. 4 | | NRs. 12,57,548.52 |
| 5 | BRM/W/SQ/082/083-02 | Infrastructure Development works of Listi Healthpost | Kalimata Construction Company,Mahankal-6 Kathmandu | NRs. 10,54,557.81 |
| 6 | BRM/W/SQ/082/083-03 | Namthang Chhetang Sadak Solling , Ward no.3. | Tung Tung Mahadev Nirman Sewa,Barhabise,Sindhupalchok | NRs. 10,78,509.20 |
| 7 | BRM/W/SQ/082/083-04 | Construction of Bhotekoshi Christai Church ward no 4 | Royal Gorkha Construction Pvt. Ltd, Bhotekoshi-4 Sindhupalchok | NRs. 18,17,460.99 |

**Chief Administrative Officer**

# ६४ दलले दिए समानुपातिक उम्मेदवारको बन्दसूची



**काठमाडौं/मस-** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि समानुपातिक प्रणालीतर्फको बन्दसूची पेस गर्ने ६४ राजनीतिक दलमध्ये २२ दलले मात्रै ११० स्थानमा उम्मेदवारी दिएका छन् ।

निर्वाचन आयोगमा यही पुस १३ र १४ गते पेस भएको बन्दसूचीमा २२ दलले मात्रै समानुपातिकको सबै स्थान ११० उम्मेदवारी मनोनयन गरेका हुन्। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले कूल ६४ दलले सूची बुझाएकामा ५८ दलले ५८ निर्वाचन चिह्नमा उम्मेदवारी दिएको बताए ।

सबै (११०) स्थानमा उम्मेदवारी दिने राजनीतिक दलमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मंगोल नेशनल अर्गनाइजेशन, लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माले), श्रम संस्कृति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, जनमत पार्टी, मितेरी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त) रहेको छन् ।

यस्तै नेपाली जनता दल, राष्ट्रिय प्रजातान्त्रिक पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी), प्रगतिशील लोकतान्त्रिक पार्टी रहेका छन्। केही दलहरूले साझा निर्वाचन कायम गरी एकापसको सूची मिलाएर १ सय १० स्थानमा बन्दसूची बुझाएका छन् । उक्त सूचीअनुसार औसत प्रति निर्वाचन चिह्नमा उम्मेदवारी दिने दलको संख्या ६० देखिएको छ । यस्तै न्यूनतम ११ स्थानमा बन्दसूची पेस गर्ने दलको संख्या १० रहेको छ। यसैगरी एकल चिह्न लिएका दलहरू १० रहेका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनमा २०७८ को जनगणनाअनुसार समावेशी समूहको प्रतिशतका आधारमा दलहरूले उम्मेदवारी दिएका छन् । यसबीचमा कतिपय दलबीच एकता र सहकार्यको सहमति भएकाले राति अबेरसम्म बन्दसूची बुझाउने क्रम जारी रहेको थियो । आयोगमा ९३ राजनीतिक दलले यस प्रणालीमा उम्मेदवारी दिन आवेदन दिएकामा जम्मा ६४ दलले मात्रै उक्त प्रणालीका लागि उम्मेदवारी दिएका हुन् ।

प्राप्त बन्दसूचीका सम्बन्धमा यही पुस १५ देखि ० गतेसम्म छानबिन गर्ने कार्यतालिकाअनुसार काम हुने बताए । आयोगले पुस २० गतेसम्म बन्दसूची छानबिन गरेपछि सच्याउनुपर्ने वा अपुग भाग जति भएमा पुस २१ गतेदेखि २७ गतेसम्म मिलाउन दललाई समय दिनेछ। यही पुस २८ गतेदेखि माघ ३ गतेसम्म दलले मिलाएको बन्दसूची जाँच गरिने आयोगले जनाएको छ । आगामी माघ २० गते अन्तिम सूची प्रकाशन हुनेछ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ बमोजिम नेपाल सरकारले २०७८ को जनगणनाको प्रतिवेदनबमोजिमको दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा दलहरूले बन्दसूची पेस गरेका हुन् । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची १ लाई संशोधन गर्न सरकारले राष्ट्रपतिसमक्ष सिफारिस गरेपछि यही पुस ४ गते अध्यादेश जारी भएको थियो ।

प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन २०७४ अनुसूची-१ मा राष्ट्रिय जनगणना २०६८ अनुसार समावेशी समूहको प्रतिशत उल्लेख थियो । आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्यअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीतर्फ राष्ट्रिय जनगणना २०७८ को जनसंख्याका आधारमा समावेशी आधार प्रतिशतका आधारमा दलहरूले उम्मेदवारको बन्द सूची पेस गर्नुपर्ने छ ।

पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फको निर्वाचन कार्यक्रमअनुसार आगामी माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता हुनेछ । सोही दिन नै उम्मेदवारको सूची प्रकाशन हुने कार्यक्रम तय भएको छ । उम्मेदवारीमाथि आगामी माघ ७ गते विरोधमा उजुरी दिने समय निर्धारण गरिएको छ। आगामी माघ ८ गते उम्मेदवारको नामावली प्रकाशन हुनेछ । यस्तै, माघ ९ गते उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछन् र सोही दिन नै उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ ।

# राजनीतिक स्थिरता र दिगो लोकतन्त्रका पक्षमा निर्वाचन : प्रधानमन्त्री



**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले मुलुकमा शान्ति र अमनचयन कायम राखी दिगो लोकतन्त्र स्थापना गर्ने एक मात्र माध्यम निर्वाचन भएको बताएकी छन् ।

बालुवाटारमा मंगलबार राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाऊ अभियानका अगुवा दुर्गा प्रसाईंसँगको भेटमा प्रधानमन्त्री कार्कीले आम जनताको उल्लेख्य सहभागितामा आगामी फागुन २१ गते हुने निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सफल तुल्याउनुपर्नेमा जोड दिइन् । उनले अभियन्ता प्रसाईंका कैयौं माग जनताका पक्षमा रहेकाले तिनलाई सम्बोधन गर्न सरकारले गृहकार्य गरिरहेको स्पष्ट गर्दै आफ्ना असन्तुष्टि र माग मुद्दाहरू शान्तिपूर्ण तरिकाले राख्न अनुरोध गरिन् ।

राजनीतिक अस्थिरतासहित अन्योल र अशान्तिको अवस्थाबाट देशलाई निकास दिन प्रतिनिधिसभाको सदस्यका लागि निर्वाचन हुन आवश्यक रहेको प्रसंग उल्लेख गर्दै प्रधानमन्त्रीले निर्वाचनलाई सफल बनाउने राष्ट्रिय अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गरिन् । मुलुक निर्वाचनमा होमिइसकेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनताबाट आफ्ना मुद्दा अनुमोदन गराउनु नै लोकतान्त्रिक निकासको एक मात्र विकल्प रहेको स्पष्ट पारिन् ।

'धेरै अप्ठ्यारो अवस्थाबाट देशलाई अहिलेको अवस्थामा ल्याएका छौं, सम्बद्ध सबै पक्षको साथ सहयोगमा तोकिएको मितिमा निर्वाचन सम्पन्न गराएर देशलाई राजनीतिक निकास दिन अहोरात्र खटिएका छौं,' उनले भनिन्, 'सबै किसिमका संशयलाई चिर्दै मुलुक निर्वाचनको माहोलमा होमिएको छ । यो देश मेरो पनि हो भन्ने सोच राखेर सबै पक्ष जिम्मेवार बनौं र सक्रिय रुपमा सहभागी भई निर्वाचनलाई सफल बनाऔं ।'

'हामी पनि न्यायका पक्षधर हौं, सत्ताभोग र सुखसयल गर्न सरकारमा आएका होइनौं । भ्रष्टाचारको अन्त्य, शोषित-पीडित वर्गलाई न्याय दिलाउने प्रक्रियाको थालनी गरेका छौं । सबै कामको नतिजा रातारात नदेखिए पनि आधारशिला तयार गरेका छौं । तपाईंले उठाउनुभएका कतिपय माग, मुद्दा सम्बोधनका पक्षमा सरकार रहेको स्पष्ट गर्दछु । अझै थप छलफल गर्दै जाऔंला, सरकार सदैव यहाँहरूकै साथमा छ,' प्रधानमन्त्री कार्कीले भनिन् ।

सो अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति कायम राख्ने अभियानमा साथ दिन अभियन्ता प्रसाईंसँग आग्रह गर्दै शान्तिको प्रतीक भगवान् गौतम बुद्धको तस्बिर दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# राष्ट्रिय मेलमिलाप आजको आवश्यकता : डा. कोइराला



**काठमाडौं/मस-** नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले राष्ट्रिय एकता र मेलमिलापले मात्र हामीले हाम्रो देशको सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता र स्वतन्त्रताको रक्षा गर्ने बताएका छन् ।

लोकतान्त्रिक आन्दोलनका विपी कोइराला, गणेशमान सिंह लगायतका नेताहरुले राष्ट्रिय मेलमिलापको निती लिएर स्वदेश फर्किएको दिनको सन्दर्भमा नेता कोइरालाले राष्ट्रहरुको द्वन्द्व र खिचातानीवाट मुलुक नबन्ने जिकीर गरे ।

'विश्वमा देखिएको महाशक्ति राष्ट्रहरुको द्वन्द्व र खिचातानीवाट नेपाल जस्तो सानो र अत्यन्त संवेदनशिल भू-राजनीतिक स्थितिमा रहेको देशको राष्ट्रियता र स्वतन्त्रता अक्षुण्य राख्न राष्ट्रिय एकता र मेलमिलापको विकल्प नभएको विपीको सन्देश थियो', नेता कोइरालाले भनेका छन,'आज पाँच दशकपछि फेरी विश्वमा महाशक्ति राष्ट्रहरुको दवाव र स्वार्थहरु अगाडि आएको अनुभव गर्दैछौं । यस परिस्थितिमा हामीले फेरी एकपटक मन, बचन र कर्मले मेलमिलापको नीति अवलम्बन गर्नु पर्नेछ ।'

राष्ट्रिय मेलमिलापको सान्दर्भिकता र महत्व आज कांग्रेस एक्लैको विषय नभएको उनले बताए । 'राष्ट्रिय एकता र मेलमिलापको लागि आज सत्ता राजनीति भन्दामाथि सार्वभौम सम्पूर्ण नेपालीहरुको जागरुक सतर्कता सहित ऐक्यवद्धताको खाँचो रहेको छ', नेता कोइरालाले भनेका छन् ।

त्यस्तै उनले पार्टी भित्रको अन्तरिक मेलमिलापको अभाव रहेको विषयलाई समेत उजागर गरेका छन् । नेता कोइरालाले कांग्रेसभित्रको एकता र मेलमिलाप राष्ट्रिय एकता र मेलमिलापको प्रथम खुड्किलो मात्र नभई राष्ट्रको आवश्यक तत्वका रूपमा मनन गर्न जरुरी रहेको बताए ।

'वर्तमान राजनीतिक परिस्थितिमा हामीलाई जनताले विश्वास र भरोसा गरे मात्र हाम्रो सान्दर्भिकता देशमा रहने हो, यो गम्भिर तथ्यमा चुक्यौं भने हामी भूमिका विहीन हुने खतरा रहन्छ', नेता कोइरालाले भनेका छन् । राजनीतिक परिदृष्यमा उदाएका नयाँ चुनौतिहरुको सामना गर्न एकताको विकल्प नरहेको उनले दाबी गरे। नेपाली कांग्रेसले राष्ट्रिय राजनीतिमा नेतृत्वदायी भूमिका खेल्न सम्भव रहेको उनले बताए ।

# लायन्स क्लबद्वारा न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण



**तनहुँ/मस-** तनहुँको भानु नगरपालिका-९, खहरेस्थित श्री मर्स्याङ्दी आधारभूत विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका ३० जना विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गरिएको छ।

लायन्स क्लब अफ काठमाडौं नेपालय र लायन्स/लियो क्लब अफ काठमाडौं गुणकेशरीको संयुक्त सहयोगमा विद्यार्थीहरूलाई स्वेटर, ट्र्याकसुट, जुत्ता, मोजालगायत न्यानो कपडासँगै ब्याग, कापी र पेन्सिलजस्ता शैक्षिक सामग्री वितरण गरिएको हो। लायन्स क्लब अफ काठमाडौं नेपालयका अध्यक्ष भुवन श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि लायन्स इन्टरनेसनल ३२५ एल का डिस्ट्रिक्ट गभर्नर एकनारायण शर्मा रहेका थिए। कार्यक्रममा भानु नगरपालिका-९ का वडा अध्यक्ष मिनबहादुर गुरुङ, वडा सदस्य कृष्णराज धमन्या तथा विद्यालय व्यवस्थापन समिति अध्यक्ष रुद्रनिधि भण्डारी विशेष अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा लायन्स इन्टरनेसनल ३२५ एलका भाइस डिस्ट्रिक्ट गभर्नर तेजनारायण पराजुली, डिस्ट्रिक्ट सचिव सुजित हिराचन, जोइन्ट चिफ एडभाइजर तथा लायन्स क्लब अफ काठमाडौं नेपालयका संस्थापक अध्यक्ष सुधीर शर्मा, जोइन्ट चिफ एडभाइजरहरू मनकृष्ण श्रेष्ठ, अमृत बराल र सुरेन्द्र पौडेल, डेपुटी डिपार्टमेन्ट चिफ अमित थापालगायतको उपस्थिति थियो ।

त्यसैगरी लायन्स क्लब अफ काठमाडौं नेपालयका अग्रज लायन्स लिडर किरण श्रेष्ठ, भाइस प्रेसिडेन्ट लक्ष्मण सिलवाल, लायन्स क्लब अफ काठमाडौं गुणकेशरीकी संस्थापक अध्यक्ष सुजिता गजमेर, रिजन चेयरपर्सन लक्ष्मी शर्मा, लियो क्लब अफ काठमाडौं नेपालयकी अध्यक्ष सुस्मिता भण्डारी, लियो डिस्ट्रिक्ट रिजन कोअर्डिनेटर रितु डंगोल, लियो पास्ट प्रेसिडेन्ट सम्पदा सिलवाल, कोषाध्यक्ष अपेक्षा पाण्डे तथा लियो सदस्यहरूको उल्लेख्य सहभागिता रहेको थियो । कार्यक्रममा बोल्ने वक्ताहरूले ग्रामीण भेगका विद्यालयमा अध्ययनरत बालबालिकालाई लक्षित यस्ता सहयोग कार्यक्रमले शैक्षिक वातावरण सुधारमा टेवा पुग्ने उल्लेख गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक कार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# सत्यनारायणलाई ३ लाख रुपैयाँ सहयोग

**मनु यादव/मध्यान्ह**
सिरहा, १५ पुस

दैनिक मजदुरी गर्दै परिवार पाल्नेदेखि चिकित्सा शिक्षा प्राप्त गर्ने सपना पछ्याइरहेका सिरहा-बरियारपट्टीका २१वर्षीय सत्यनारायण साफी पूर्ण छात्रवृत्तिमा एमबीबीएस अध्ययनका लागि छनोट भएका छन् । विपन्न पृष्ठभूमिबाट उठेका साफीका लागि गरिबी नै ठूलो चुनौती बनेको थियो, तर अहोरात्र परिश्रम र लक्ष्यप्रतिको समर्पणले अब उनको अध्ययन यात्रा केही सहज भएको छ ।

बरियारपट्टी गाउँपालिका-२, श्रीपुरका साफी बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म निर्माण मजदुरी गर्दै गिट्टी, बालुवा, सिमेन्ट बोकेर आम्दानी गर्छन् । सोही कमाइबाट घर खर्च, कर्जा किस्ता तिर्ने र अध्ययन तयारी–यिनैमा उनको समय बित्थ्यो । रातिको समय भने उनी प्रवेश परीक्षाको तयारीमा बिताउँथे । यस्तै संघर्षकाबीच दोस्रो प्रयासमै उनले यस वर्ष पूर्ण छात्रवृत्तिमा एमबीबीएस पढ्ने अवसर सुरक्षित गरेका हुन् । छात्रवृत्ति प्राप्त गर्नु अघि साफीले नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र पाएको नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेडबाट कर्जा लिएर तयारी अघि बढाएका थिए । मजदुरीबाट आएको सीमित आम्दानीले कर्जा चुक्ता गर्दै पढाइलाई निरन्तरता दिँदै आएका साफी परिवार र समाजका लागि उदाहरण बनेका छन् ।



उनीप्रति संस्थाले देखाएको विश्वास र कदरस्वरूप सोही संस्थाको शाखा कार्यालय बरियारपट्टी, सिरहाले मंगलबार आयोजित वित्तीय साक्षरता तथा सम्मान कार्यक्रममार्फत साफीलाई ३ लाख रुपैयाँ सहयोग प्रदान गरेको छ । सहयोगले साफीको एमबीबीएस अध्ययन यात्रा थप सहज हुने अपेक्षा गरिएको छ । सम्मान ग्रहण गर्दै साफीले भने,'अब पढाइमा अझ सहजता मिल्नेछ। भविष्यमा विपन्न र संघर्षरत परिवारका लागि उपचारमा सहयोग गर्ने चिकित्सक बन्ने लक्ष्य छ ।'

कार्यक्रममा प्रमुख अतिथि बरियारपट्टी गाउँपालिका अध्यक्ष सन्तोष महतोले व्यक्तिगततर्फबाट ३१ हजार ५०० रुपैयाँ सहयोग घोषणा गर्दै गाउँपालिकाबाट पनि सहयोग गर्ने प्रतिबद्धता जनाए । विशिष्ट अतिथिमा उपाध्यक्ष ममता देवी यादव उपस्थित थिइन् । नेशनल लघुवित्तका सीइओ रामबहादुर यादवको अध्यक्षतामा भएको कार्यक्रममा नवराजपुर गाउँपालिका अध्यक्ष शिव उदगार यादव, बरियारपट्टी गाउँपालिका-३ का वडाध्यक्ष विनोद यादव, नवराजपुर-२ का वडाध्यक्ष सुरेशकुमार यादव लगायत अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# अटिजम भएका विद्यार्थीका लागि समावेशी शिक्षा कार्यशाला



**ललितपुर/मस-** काठमाडौं विश्वविद्यालयको शिक्षा संकायले अटिजम स्पेक्ट्रम डिसअर्डर भएका बालबालिकाका लागि समावेशी शिक्षा कार्यशाला सम्पन्न गरेको छ ।

समावेशी विद्यालय वातावरण निर्माण तथा उनीहरूलाई मुख्यधाराको शिक्षामा समेट्ने उद्देश्यसहित 'अटिजम भएका विद्यार्थीका लागि समावेशी विद्यालयी वातावरण निर्माण र मुख्यधारामा समेट्ने'शीर्षकको कार्यशाला सम्पन्न गरेको हो ।

ललितपुरस्थित माछापुच्छे आईबी वर्ल्ड विद्यालयमा भएको कार्यक्रम समावेशी र विशेष आवश्यकता शिक्षाको स्नातकोत्तर कार्यक्रममा अध्ययनरत विद्यार्थी नीरू यादव, रमीना श्रेष्ठ, शीतल प्रधान, विजयता तामाङ, पूनम गुरुङ, दीपेन्द्र जोशी, सत्य रोका, सुधा पौडेल तथा सुलोचना सापकोटा पाठकको सक्रिय आयोजनामा सम्पन्न भएको हो ।

कार्यक्रमले अटिजम स्पेक्ट्रम डिसअर्डर भएका बालबालिकाको शिक्षणमा विद्यमान नीति र कक्षाकोठामा हुने व्यवहारबीचको महत्वपूर्ण ज्ञान अन्तर कम गर्ने प्रयास गरेको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य प्रत्येक बालबालिकाको सार्थक सहभागिता सुनिश्चित गर्नुका साथै, विशेषगरी अटिजम स्पेक्ट्रम डिसअर्डर भएका बालबालिकाहरूले सामना गर्नुपर्ने प्रणालीगत बाधाहरू हटाउने विषयलाई प्राथमिकतामा राख्नु रहेको थियो । यसका लागि संरचित, सहयोगी तथा समावेशी शैक्षिक वातावरणको स्थापना र विकासमा जोड दिइएको थियो ।

कार्यक्रमले सबै बालबालिकाहरूका विविध सीप, आवश्यकता र चुनौतीहरूलाई ध्यानमा राखी संरचित, सहयोगी र समावेशी शैक्षिक वातावरण डिजाइन तथा कार्यान्वयन गर्न आवश्यक परिचालनात्मक ज्ञानलाई व्यवस्थित रूपमा विकास गर्नुका साथै अटिजम स्पेक्ट्रम डिसअर्डर भएका बालबालिकाहरूलाई मुख्यधाराको शिक्षामा सहज पहुँच र एकीकरण गराउनेमा विशेष ध्यान केन्द्रित गर्दै सबै बालबालिकाहरूका लागि सार्थक सहभागिता र शैक्षिक समानता अधिकतम बनाउने लक्ष्य राखेको छ । कार्यक्रममा काठमाडौं र ललितपुर जिल्लाका दस विद्यालयका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । साथै स्थानीय सरकारी अधिकारीहरू तथा विभिन्न गैर-सरकारी संस्थाका प्रतिनिधिहरू पनि कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रममा सञ्चार सम्बन्धी कठिनाइ, संवेदी आवश्यकताहरू तथा सामाजिक स्टिग्मा जस्ता अटिजम भएका बालबालिकाले भोग्नुपर्ने चुनौतीहरूबारे विस्तृत छलफल गरिएको थियो ।

समावेशी शिक्षाका क्षेत्रमा अनुभवी विशेषज्ञहरू रमेश बराल र प्रज्ञा श्रेष्ठ प्रधानले समावेशी शिक्षाको अधिकार तथा अटिजमबारे जागरूकता अभिवृद्धि गर्ने उद्देश्यसहित महत्वपूर्ण सत्रहरू सञ्चालन गरेका थिए ।

त्यस्तै, प्रमिला न्यौपानेले विद्यालयभित्र समावेशितालाई प्रवर्धन गर्न सकिने कम लागतका व्यावहारिक तथा प्रभावकारी रणनीतिहरूमाथि केन्द्रित प्रायोगिक सत्र सञ्चालन गरेकी थिइन् ।

# भूमिकास्थान-१० धन्चौरमा तमु ल्होसार भव्य रूपमा मनाइयो




**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १५ पुस

अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-१० धन्चौर तथा शितगंगा नगरपालिका-२ फलाचौरमा गुरुङ समुदायको महान पर्व तमु ल्होसार विविध सांस्कृतिक कार्यक्रमसहित भव्य रूपमा मनाइएको छ । गुरुङ समुदायले नयाँ वर्षका रूपमा मनाउने तमु ल्होसारले समुदायको मौलिक पहिचान, संस्कृति र सामाजिक एकतालाई मजबुत बनाउने विश्वास लिइन्छ ।

कार्यक्रममा भूमिकास्थान नगरपालिका वडा नं. १० का अध्यक्ष खगेश्वर पन्थीले तमु ल्होसारको अवसरमा शुभकामना व्यक्त गर्दै गुरुङ समुदायको कला, संस्कृति र परम्पराको संरक्षण गरी भावी पुस्तासम्म हस्तान्तरण गर्नुपर्नेमा जोड दिए ।

उनले यस्ता पर्वहरूले समाजमा आपसी सद्भाव र सांस्कृतिक सहअस्तित्वलाई बलियो बनाउने बताए ।

गुरुङ (तमु) समाज अर्घाखाँचीका जिल्ला अध्यक्ष डिलबहादुर गुरुङले गुरुङ समुदायको पहिचान ल्होसार, भाषा, भेषभूषा र संस्कृतिसँग जोडिएको उल्लेख गर्दै संघ-संस्थामार्फत संस्कृति जगेर्ना गर्ने अभियानलाई निरन्तर अगाडि बढाइने बताए । उनले युवा पुस्तालाई मौलिक संस्कृतिसँग जोड्न यस्ता कार्यक्रम प्रभावकारी माध्यम बन्ने धारणा व्यक्त गरे ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ अर्घाखाँचीका निवर्तमान सचिव हृदय भुसाल, धन्चौर अस्थायी प्रहरी चौकीका वरिष्ठ हल्दार स्वस्तिक गौडेल, सरस्वती आधारभूत विद्यालयका सहायक प्रधानाध्यापक दुर्गाप्रसाद भट्टराई, पूर्व प्रधानाध्यापक तथा सामाजिक व्यक्तित्व तारापती भट्टराई, सामाजिक व्यक्तित्व कमल उचाइँ, धन्चौर स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी तिलक भट्टराई, पश्चिम नेपाल बस व्यवसायी कर्मचारी नारायण बञ्जाडे, समाजसेवी बसन्त बेल्वासेलगायतले शुभकामना मन्तव्य राख्दै गुरुङ जातिको सामाजिक तथा सांस्कृतिक योगदानको चर्चा गरेका थिए ।

तमु ल्होसार केवल पर्व मात्र नभइ गुरुङ समुदायको इतिहास, संस्कृति र जीवन पद्धतिसँग जोडिएको साझा पहिचान भएको आयोजक भोजन् गुरुङले बताए ।

उनले गुरुङ समाजको एकता र सांस्कृतिक संरक्षणका लागि सबैको सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा गुरुङ समुदायको मौलिक पहिचान झल्काउने घाटु नाचलगायत परम्परागत कला, संस्कृति र संस्कार झल्काउने विविध सांस्कृतिक प्रस्तुति देखाइएको थियो, जसले उपस्थित दर्शकहरूको मन जितेको थियो । साथै विभिन्न परिकारहरूको स्वाद लिँदै सहभागीहरूबीच आपसी मेलमिलाप र उत्साहपूर्ण वातावरण देखिएको थियो ।

कार्यक्रम तमु समाज आयोजक संस्थाका अध्यक्ष शिवलाल गुरुङको अध्यक्षता, हिमा गुरुङको स्वागत मन्तव्य तथा भोजन गुरुङको सञ्चालनमा सम्पन्न भएको थियो ।

## सम्पादकीय

# सुशासनप्रति इमानदारिताको खाँचो

सार्वजनिक पद भनेको जिम्मेवारी हो । त्यसैले पदसँगै जवाफदेहिता आउँछ । जवाफदेहिताको आधार हो–पारदर्शिता । सम्पत्ति विवरण बुझाउने र सार्वजनिक गर्ने व्यवस्था यही मान्यताबाट आएको हो । अभ्यासमा भने मान्यता कमजोर बन्दै गएको राष्ट्रिय किताब खानाको तथ्यांकले देखाएको छ । कानुनतः सम्पत्ति विवरण बुझाउनुपर्ने कर्मचारीमध्ये ३ हजार २ सय ३० ले समयमै विवरण बुझाएनन् । कानुन स्पष्ट हुँदाहुँदै कर्मचारीले बेवास्ता गर्नु प्रशासनिक लापरबाही मात्र होइन, सुशासनप्रतिको बेवास्ता पनि हो । भ्रष्टाचार निवारण ऐन २०५९ ले सार्वजनिक पदधारण गरेका व्यक्तिलाई स्पष्ट जिम्मेवारी दिएको छ । उनीहरूले तोकिएको म्यादभित्र विवरण बुझाउनुपर्छ । नसके कारणसहित थप समय माग्नुपर्छ । त्यसपछि पनि नबुझाए जरिमाना हुन्छ । कानुन प्रस्ट भए पनि कार्यान्वयनमा भने इमानदारिता देखिँदैन । जसका कारण पारदर्शिता र जवाफदेहिताको व्यवस्था कागजमा सीमित हुन पुगेको छ ।

सम्पत्ति विवरण बुझाउनु औपचारिकता होइन । यसले सार्वजनिक विश्वास बढाउँछ । कर्मचारीको आय–व्यय पारदर्शी हुँदा गैरकानुनी आर्जन सहज हुँदैन । तर विवरण नै नबुझाउने प्रवृत्तिले कानुन पालना ऐच्छिक हो भन्ने उल्टो सन्देश दिएको छ । यस्तै प्रवृत्तिले संस्थागत भ्रष्टाचार मलजल गर्छ ।

राष्ट्रिय किताबखानाले सम्पत्ति विवरण नदिने कर्मचारीको नामावली अख्तियार पठाउने तयारी गरेको छ । यसलाई कर्मकाण्डमा सीमित नगरी अटेर गर्ने कर्मचारीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । नियमित अनुगमन, कडाइ र स्पष्ट दण्डले मात्र सुशासन र पारदर्शिताको कसीलाई व्यवस्थित गर्छ । त्यसका लागि सबै मन्त्रालय, प्रदेश र स्थानीय तहमा एउटै मापदण्ड लागू हुनुपर्छ ।

कर्मचारी मात्र होइन, हाम्रो राजनीतिक नेतृत्वमै पनि पारदर्शिताको सवालमा समस्या छन् । सुशासनको माग गर्दै भएको जेनजी विद्रोहपछि बनेको सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले समेत सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् । फेरिएको परिस्थितिमा समयमै सम्पत्ति विवरण बुझाउने र सार्वजनिक गरेको भए त्यसले एउटा मान्यताको विकास गर्थ्यो । सम्पत्ति विवरण सार्वजनिक गर्नु नैतिक शक्ति हो । पदमा जाँदा के थियो र पदबाट निस्कँदा के भयो भन्ने कुरा जनताले जान्न पाउने अधिकारको सम्मान हो । त्यसमा सरकार उदासीन देखिन्छ । २०४६ को राजनीतिक परिवर्तनपछि स्थापित पारदर्शिताको यो अभ्यास बिस्तारै कमजोर बनाउन खोजिँदै छ । भ्रष्टाचारविरूद्धको आन्दोलनको बलमा बनेको सरकार आफैं पारदर्शितामा चुक्नु विडम्बना हो । नेतृत्वले उदाहरण देखाएन भने कर्मचारीतन्त्रबाट इमानदारी अपेक्षा गर्नु खोक्रो हुन्छ । अतः सुशासन भाषणले होइन, व्यवहारले प्रमाणित गर्नुपर्छ । कर्मचारीदेखि प्रधानमन्त्रीसम्म कानुन सबैका लागि बराबर हुनुपर्छ । सार्वजनिक पदमा आसीनहरूले कानुनले भनेबमोजिम सम्पत्ति विवरण बुझाउन र सार्वजनिक गर्न हिच्किचाउनुहुँदैन । यही बाटोले मात्र राज्यप्रति गुमेको जनविश्वास फर्काउन सकिन्छ ।

# आत्मनिर्भर विकासको सवाल

*नेपालको सन्दर्भमा विकासको पहिलो प्राथमिकता आधारभूत आवश्यकताको सुनिश्चितता हुनुपर्छ । खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, ऊर्जा र रोजगारी जस्ता एजेन्डा नै प्राथमिकतामा पर्नुपर्छ । यसका लागि कृषि, जलस्रोत, वन र स्थानीय उद्योगको सुदृढीकरण अपरिहार्य छ ।*

**अग्रलेख**



● चन्द्रबहादुर बस्याल

आज विश्वले भोगिरहेको आर्थिक, पर्यावरणीय र सामाजिक संकटले विकासको पुरानो परिभाषामाथि गम्भीर प्रश्न उठाएको छ । सिमेन्ट-कंक्रिटका भौतिक संरचना, ऋणमा आधारित ठूला आयोजना र केवल जिडिपी वृद्धिलाई विकासको सूचक मान्ने सोच अब विश्वभर असफल साबित हुँदै गएको छ । नेपालजस्ता विकासको सुरुवाती चरणमा रहेका मुलुकका लागि पनि यस्तो विकास मोडेल झनै खतरनाक देखिन्छ, किनकि यसले आत्मनिर्भरता होइन, परनिर्भरता बढाउँछ; उत्पादन संस्कृति होइन, उपभोगमुखी मानसिकता जन्माउँछ । नेपालको सन्दर्भमा स्वदेशी-रैथाने, श्रम केन्द्रित र आत्मनिर्भर विकासको बहसको खाँचो छ । अहिलेको लागि दृष्टिकोण केवल राजनीतिक नारा होइन, विश्वव्यापी रूपमा विकसित हुँदै गएको वैकल्पिक विकास चिन्तनसँग पनि मिल्ने हुनुपर्छ । यसले विकासलाई मात्रात्मक होइन, गुणात्मक; बाह्य सहयोगमुखी होइन, आन्तरिक क्षमतामुखी; र शोषणकारी होइन, न्यायपूर्ण बनाउने दर्शन अघि सार्छ ।

औद्योगिक क्रान्तिपछि युरोपेली मुलुकहरूले उत्पादन क्षमता अत्यधिक बढाए । घरेलु खपतभन्दा बढी उत्पादन भएपछि उनीहरूलाई नयाँ बजार, सस्तो श्रम र कच्चा पदार्थ आवश्यक पर्‍यो । यही आवश्यकताबाट उपनिवेशवाद जन्मियो । एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूमा रेल, सडक, सिँचाइ र उद्योग जस्ता पूर्वाधार निर्माण गरिए, तर ती स्थानीय जनताको समृद्धिका लागि होइन, उपनिवेशवादी शक्तिको नाफाका लागि थिए । तर, यस प्रक्रियामा स्थानीय ज्ञान, सीप र उत्पादन प्रणालीलाई कमजोर बनाइयो । किसान आत्मनिर्भर उत्पादनबाट नगदे बाली र निर्यातमुखी खेतीमा धकेलिइए । नतिजा के भयो भने, उपनिवेश समाप्त भएपछि पनि ती देशहरू आर्थिक, प्राविधिक र वैचारिक रूपमा परनिर्भर नै रहिरहे । यही ढाँचाको आधुनिक रूप नै आजको नवउपनिवेशवादी विकास हो, जहाँ ऋण, प्रविधि र नीति बाह्य शक्तिको नियन्त्रणमा हुन्छ ।

दोस्रो विश्वयुद्धपछि स्वतन्त्र भएका धेरै देशहरूले विकासका नाममा यही उपनिवेशवादी ढाँचालाई निरन्तरता दिए । ठूला आयोजना, औद्योगिकीकरण र सहरीकरणलाई प्राथमिकता दिइयो । विदेशी ऋण लिइयो, तर उत्पादन क्षमता र आन्तरिक रोजगारी बढाउन सकिएन । परिणामस्वरूप ऋणको पासो, उच्च मुद्रास्फीति र सामाजिक असमानता बढ्दै गयो । आज विश्वको अवस्था हेर्दा यो मोडेल कति असमान छ भन्ने स्पष्ट देखिन्छ । थोरै धनाढ्यले अधिकांश सम्पत्ति नियन्त्रण गरेका छन् भने बहुसंख्यक जनता आधारभूत आवश्यकताबाट वञ्चित छन् । विकासको मापन जिडिपी, प्रतिव्यक्ति आय वा एचडिआईजस्ता सूचकले मात्र गर्दा सामाजिक न्याय, सांस्कृतिक चेतना र पर्यावरणीय सन्तुलन ओझेलमा पर्छन् ।

यसै पृष्ठभूमिमा विश्वभर पोस्ट-ग्रोथ, ग्रिन इकोनोमी, सर्कुलर इकोनोमी र रिजनरेटिभ एग्रिकल्चर जस्ता अवधारणाहरू अघि आएका छन् । युरोपका ग्रिन पार्टीहरू, ल्याटिन अमेरिकाका इको-सोसलिस्ट आन्दोलनहरू र अफ्रिकाका स्थानीय अर्थतन्त्र पुनर्जीवनका प्रयासहरू यसको उदाहरण हुन् । उदाहरणका लागि, कोस्टारिकाले आफ्नो ऊर्जा प्रणालीलाई लगभग पूर्ण रूपमा नवीकरणीय ऊर्जामा आधारित बनाएको छ । यसले आर्थिक वृद्धि मात्र होइन, जैविक विविधता संरक्षण र जीवनस्तर सुधार पनि गरेको छ । त्यस्तै भुटानले जिडिपीभन्दा 'ग्रस नेसनल ह्यापिनेस'लाई विकासको मापन मानेर सांस्कृतिक, सामाजिक र पर्यावरणीय सन्तुलनलाई प्राथमिकता दिएको छ । क्युबाको अनुभव पनि उल्लेखनीय छ । सोभियत संघ विघटनपछि इन्धन र रासायनिक मलको अभाव हुँदा क्युबाले जैविक कृषि र शहरी खेतीतर्फ मोड लियो । आज क्युबा आत्मनिर्भर खाद्य प्रणालीको उदाहरण मानिन्छ । यी उदाहरणले देखाउँछन् कि सीमित स्रोतसाधन हुँदाहुँदै पनि वैकल्पिक सोचले दिगो विकास सम्भव छ ।




नेपालको सन्दर्भमा विकासको पहिलो प्राथमिकता आधारभूत आवश्यकताको सुनिश्चितता हुनुपर्छ । खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, ऊर्जा र रोजगारी जस्ता एजेन्डा नै प्राथमिकतामा पर्नुपर्छ । यसका लागि कृषि, जलस्रोत, वन र स्थानीय उद्योगको सुदृढीकरण अपरिहार्य छ । विदेशी ऋणमा आधारित ठूला आयोजना होइन, स्थानीय श्रम, सीप र स्रोतमा आधारित साना तथा मध्यम उत्पादन प्रणाली विकास गर्नुपर्छ । स्वदेशी कृषि प्रणालीलाई पुनर्जीवित गर्दै जैविक र रिजनरेटिभ खेती प्रवर्द्धन गर्न सकिन्छ । यसले माटोको उर्वराशक्ति जोगाउँछ, किसानको आत्मनिर्भरता बढाउँछ र आयातमा निर्भरता घटाउँछ । ऊर्जा क्षेत्रमा साना जलविद्युत्, सौर्य र बायोग्यास जस्ता स्थानीय समाधानले ग्रामीण अर्थतन्त्र सशक्त बनाउन सक्छ ।


विकास केवल भौतिक संरचना होइन, सामाजिक रूपान्तरणको प्रक्रिया हो । यसले उत्पादन-वितरण सम्बन्धलाई कसका लागि र कसरी भन्ने प्रश्नको उत्तर दिनुपर्छ । यदि विकासले धनीलाई मात्र फाइदा पुर्‍याउँछ भने त्यो वास्तविक विकास होइन । सामाजिक न्याय, समानता र सहभागितामूलक निर्णय प्रक्रियाबिना विकास अधुरो हुन्छ ।

> *विकास केवल भौतिक संरचना होइन, सामाजिक रूपान्तरणको प्रक्रिया हो । यसले उत्पादन-वितरण सम्बन्धलाई कसका लागि र कसरी भन्ने प्रश्नको उत्तर दिनुपर्छ । यदि विकासले धनीलाई मात्र फाइदा पुर्‍याउँछ भने त्यो वास्तविक विकास होइन । सामाजिक न्याय, समानता र सहभागितामूलक निर्णय प्रक्रियाबिना विकास अधुरो हुन्छ ।*

यसर्थ, राज्यले कल्याणकारी र योजनाबद्ध विकासको भूमिका निर्वाह गर्नुपर्छ । दुर्लभ स्रोत विलासी क्षेत्रमा होइन, आधारभूत क्षेत्रमा लगानी गर्नुपर्छ । चरम गरिबी अन्त्य भएपछि मात्र उच्च तहको विकासतर्फ जानु विवेकपूर्ण हुन्छ । यही क्रमबद्ध र संक्रमणजन्य विकास नै नेपालजस्ता मुलुकका लागि उपयुक्त मार्ग हो । आज विकासको बहस केवल आर्थिक वृद्धि होइन, जीवनको गुणस्तर, पर्यावरणीय सन्तुलन र सांस्कृतिक आत्मसम्मानसँग जोडिएको छ । उपनिवेशवादी र नवउदारवादी विकास मोडेलले विश्वलाई संकटतर्फ धकेलेको स्पष्ट भइसकेको छ । यस्तो अवस्थामा स्वदेशी-रैथाने, श्रम केन्द्रित र आत्मनिर्भर विकासको दर्शन केवल विकल्प होइन, आवश्यकता हो । नेपालले आफ्नो ज्ञान, सीप, श्रम शक्ति र स्रोतसाधनमा भरोसा गर्दै नयाँ विकासको बाटो रोज्न सकेमा मात्र दिगो समृद्धि सम्भव छ । विकासलाई नैतिकता, चेतना र सामाजिक न्यायले निर्देशित गर्ने हो भने यही विकास नै वास्तविक समृद्धि बन्न सक्छ ।

## इतिहासमा आज

३१ डिसेम्बर २०१४ मा सांघाईमा नयाँ वर्षको पूर्वसन्ध्यामा आयोजित कार्यक्रममा भागदौड मच्चिँदा ३६ जनाको मृत्यु र ४९ जना घाइते भएका थिए ।



३१ डिसेम्बर २०१५ मा आतिशबाजी प्रदर्शन सुरु हुनुभन्दा अगाडि संयुक्त अरब इमिरेट्सको डाउनटाउन दुबईमा रहेको डाउनटाउन एड्रेस होटलमा आगलागी भयो । जसमा डेढ दर्जनभन्दा बढी घाइते भएका थिए ।



३१ डिसेम्बर २०१८ मा रूसको औद्योगिक शहर म्याग्निटोगोर्स्कमा दस तले भवन भत्किँदा ३९ जनाको मृत्यु भएको थियो ।



३१ डिसेम्बर २०20 मा विश्व स्वास्थ्य संगठनले कोभिड-१९ खोपको लागि आफ्नो पहिलो आपतकालीन प्रयोग प्रमाणीकरण जारी गरेको थियो ।




# उत्साहभन्दा जिम्मेवारीको राजनीति

**टिप्पणी**



● शंकरमान सिंह

> *अहिलेको आवश्यकता नयाँ राजनीतिक संस्कृतिको निर्माण, साझा सोचको संस्थागत विकास र जनअपेक्षालाई सम्बोधन गर्ने दीर्घकालीन दृष्टिकोण हो । यदि भ्रष्टाचारविरोधी राजनीति, पारदर्शिता र जनतामुखी शासन शैलीलाई साझा एजेन्डा बनाउन सकियो भने मात्र परम्परागत दलहरूको पुरानो शैलीलाई चुनौती दिन सकिनेछ ।*

नेपाली राजनीतिमा हालै देखिएका विभिन्न संवाद र समझदारीलाई केवल क्षणिक घटनाका रूपमा बुझ्नु उपयुक्त हुँदैन । यी कुनै औपचारिक दस्तावेजमा सीमित छैनन्, न त तत्काल निष्कर्ष निकाल्न सकिने प्रकृतिका छन् । तर यिनले एउटा स्पष्ट संकेत भने दिएका छन्-राजनीतिक प्रणालीप्रति जनविश्वास कमजोर बन्दै गएको छ र विकल्पको खोज तीव्र हुँदै गएको छ । यो अवस्था नेपालका लागि नयाँ भने होइन ।

इतिहासले देखाएको छ, जब संस्थागत राजनीति जनअपेक्षाभन्दा पछि पर्छ, तब व्यक्तित्व-केन्द्रित नेतृत्व र वैकल्पिक धारप्रति आकर्षण बढ्छ । हाल देखिएका समझदारीहरू पनि यही प्रवृत्तिको निरन्तरता हुन् । अस्थिर सरकार, नीति कार्यान्वयनको कमजोरी, भ्रष्टाचारका निरन्तर काण्ड र कमजोर सेवा प्रवाहले जनतामा गहिरो असन्तोष पैदा गरेको छ । यो असन्तोष कुनै एक दल वा वर्गमा सीमित छैन; यो व्यापक र संरचनात्मक प्रकृतिको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहबीच भएको सात बुँदे राजनीतिक सहमति यसै असन्तोषको प्रतिफलका रूपमा देखिन्छ । सार्वजनिक विवरणअनुसार उक्त समझदारीको मुख्य उद्देश्य फागुन २१ को प्रतिनिधिसभा निर्वाचनबाट वैकल्पिक शक्तिलाई अगाडि ल्याउनु हो । सहमतिअनुसार बालेन शाहलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा प्रस्तुत गर्ने र रवि लामिछाने पार्टी सभापतिको भूमिकामा रहने उल्लेख गरिएको छ । 'देशका लागि सहमति, नेताका लागि होइन' भन्ने नारासहित नयाँ राजनीतिक विकल्प निर्माण गर्ने लक्ष्य अघि सारिएको छ ।

यस समझदारीको साझा धरातल परम्परागत राजनीतिक अभ्यासप्रतिको निराशा हो । तर असन्तोष आफैं समाधान होइन । इतिहासले बारम्बार देखाएको छ- यदि असन्तोषले स्पष्ट दिशा पाएन भने त्यो केवल आवेगमै सीमित हुन्छ । त्यसैले मुख्य प्रश्न यही हो- के यी समझदारीहरूले जनआक्रोशलाई संरचनात्मक सुधारतर्फ मोड्न सक्छन् ?

सुशासन नेपाली राजनीतिमा नयाँ अवधारणा होइन । विगतका प्रायः सबै सरकारले यसैलाई प्राथमिकता दिएको दाबी गर्दै आएका छन् । समस्या अवधारणामा होइन, निरन्तरता र संस्थागत अभ्यासको अभावमा छ । यदि हालका समझदारीहरूले सुशासनलाई नाराबाट व्यवहारमा उतार्न सके भने मात्र तिनको अर्थ रहनेछ । व्यक्ति-केन्द्रित राजनीतिबाट प्रणाली-केन्द्रित अभ्यासतर्फ जाने कुरा पनि महत्वपूर्ण संकेत हो । तर प्रणाली निर्माण धैर्य, अनुशासन र सहमतिमा आधारित हुन्छ । लोकप्रिय नेतृत्वले आफ्नै प्रभावलाई संस्थागत सीमाभित्र राख्न सक्छ कि सक्दैन-यही प्रश्न निर्णायक बन्नेछ ।

स्थानीय तहमा देखिएका केही सफल अभ्यासलाई राष्ट्रिय तहमा विस्तार गर्ने सोच व्यावहारिक देखिए पनि राज्य सञ्चालन स्थानीय व्यवस्थापनको सरल विस्तार मात्र होइन । नीति निर्माण, स्रोत व्यवस्थापन र अन्तर्राष्ट्रिय दायित्वले राष्ट्रिय राजनीतिलाई अझ जटिल बनाउँछन् । त्यसैले स्थानीय अनुभवलाई राष्ट्रिय मोडल बनाउँदा भावनाभन्दा अध्ययन, तयारी र संस्थागत सोच आवश्यक हुन्छ ।

युवापुस्ताको सहभागिता हरेक संवादमा दोहोरिएको विषय हो । तर युवालाई आकर्षित गर्ने मुख्य तत्व भाषण होइन, निर्णय प्रक्रियामा वास्तविक सहभागिता हो । संरचना र सोच उही रहे पुस्ता परिवर्तन केवल प्रतीकात्मक बन्ने खतरा रहन्छ ।

अहिलेको आवश्यकता नयाँ राजनीतिक संस्कृतिको निर्माण, साझा सोचको संस्थागत विकास र जनअपेक्षालाई सम्बोधन गर्ने दीर्घकालीन दृष्टिकोण हो । यदि भ्रष्टाचारविरोधी राजनीति, पारदर्शिता र जनतामुखी शासन शैलीलाई साझा एजेन्डा बनाउन सकियो भने मात्र परम्परागत दलहरूको पुरानो शैलीलाई चुनौती दिन सकिनेछ ।

तर चुनौतीहरू कम छैनन् । पुरानो संस्कार बोकेका नेतासँग सहकार्य गर्दा नयाँ राजनीतिक संस्कृतिको निर्माणमा अवरोध आउन सक्छ । कांग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी, राप्रपा र समाजवादी धारका दलहरूको भूमिकालाई पनि ध्यानपूर्वक मूल्यांकन गर्नुपर्ने हुन्छ । नयाँ गठबन्धनसँग संगठनात्मक अनुभवको कमी हुन सक्छ । विभिन्न पृष्ठभूमिका नेताबीच दीर्घकालीन सहमति कायम राख्न कठिनाइ आउन सक्छ । परम्परागत दलहरूले आफ्नो पुरानो नेटवर्क र संगठनात्मक बल प्रयोग गरेर प्रतिरोध गर्ने सम्भावना पनि उत्तिकै छ ।

यो समझदारी नेपालमा नयाँ राजनीतिक प्रयोग हो । यसको शक्ति एकीकृत नेतृत्व, शहरी लोकप्रियता र स्पष्ट उम्मेदवारमा देखिन्छ भने कमजोरी अनुभवको कमी र भूमिकाको अस्पष्टतामा छ । अवसर नयाँ मतदाता आकर्षित गर्ने र पुराना दललाई चुनौती दिने क्षमतामा छ भने चुनौती आन्तरिक असन्तुष्टि र सम्भावित राजनीतिक अस्थिरतामा निहित छ । नेपाली राजनीति धेरैपटक उत्साहमा अघि बढेको छ, तर टिकेको सधैं जिम्मेवारीले हो । आजको आवश्यकता पनि यही हो-कम आवेग, बढी विवेक; कम भाषण, बढी अभ्यास । इतिहास तब बदलिन्छ, जब राजनीति भावनाबाट विवेकतर्फ मोडिन्छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

ओली-प्रचण्ड भागबन्डाले दुईपटक संसद् विघटन र झन्डै दुईतिहाई बहुमतको कम्युनिस्ट सरकार ढुस भयो । ओली-देउवाको भागबन्डाले देश खरानी बनायो । फेरि खै क-कसको भागबन्डा रे ! भागबन्डा लोकतान्त्रिक संस्कृति हैन, पदलोलुपता हो, पात्र चाहे जो हुन् । पद प्रक्रिया अनुमोदित हुन पर्छ- भागबन्डा हैन ।



**सेतेमान तामाङ**

जेनजीको नाममा जसरी अराजकता मच्चाउँदै छन् । यसले देश, व्यवस्थाका लागि विडम्बना हुँदै गएका छन् । जसले अराजकता निम्त्याउँछ र अपराधी गतिविधिमा संलग्नता हुन्छ, कसैले उसलाई छुट दिनु हुँदैन, कानूनी कारबाही गर्नैपर्छ । उमेर, जात, धर्म र भूगोलको राजनीतिले देशमा हत्या/हिंसाबाहेक केही दिँदैन ।



**किशोर नेपाल**

ंग्रेस सभापति शेरबहादुर देउवाले उपचारका लागि विदेश जानु अघि कार्यवाहक सभापति तोक्नु भएका उप-सभापति पूर्णबहादुर खड्का पदमा यथावत् हुनुहुन्छ । उपचारपछि फर्किनु भएका देउवा अहिले घरैबाट पार्टी हाँक्नुहुन्छ । खडका कार्यवाहक सभापति हुनुहुन्छ कि हुनुहुन्न ? गुगलले केही बताउँदैन त !



**डा. सुन्दरी पोखरेल**

एक जना व्यक्तिले अर्का व्यक्तिलाई भावी प्रधानमन्त्री तोक्न मिल्छ र ? चुनावमा रास्वपाले जति सिट ल्याउँछ, ती सांसदले संसदीय दलको चुनाव गरेर नेता चुन्ने होइन र ? रास्वपाबाट निर्वाचित हुने सांसद दास हुन् ? अहिले रवि र वालेनले जे भन्छन् त्यसैलाई सदर गर्ने दास सांसद जनताले चुनिदिनुपर्ने हो ?

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# ‘फागुन २१ को निर्वाचन संविधान र राष्ट्रियताको रक्षा गर्ने निर्णायक घडी’

**रामहरि कार्की/मध्यान्ह**
ललितपुर, १५ पुस




ललितपुरको महालक्ष्मीस्थान मंगलबार राजनीतिक बहस र चिन्तनको केन्द्र बन्यो । नेपाल उद्योग व्यापार महासंघ ललितपुर जिल्लाको दोस्रो जिल्ला अधिवेशनमा बोल्दै पूर्वमन्त्री तथा नेकपाकी नेतृ पम्फा भुसालले फागुन २१ गते हुने निर्वाचनलाई संविधान र राष्ट्रियताको रक्षा गर्ने निर्णायक विकल्पका रूपमा चित्रण गरिन् । उनका अनुसार पछिल्लो समय देशले भोगिरहेको राजनीतिक अस्थिरता, विध्वंसात्मक गतिविधि र त्यसले निम्त्याएको राष्ट्रिय संकटको समाधान लोकतान्त्रिक अभ्यास निर्वाचनमार्फत मात्रै सम्भव छ । भुसालले जेन-जेड आन्दोलनका क्रममा ६ दर्जनभन्दा बढी नागरिकले ज्यान गुमाउनुपरेको स्मरण गराउँदै भदौ २४ गते भएको घटनालाई योजनाबद्ध विध्वंसको संज्ञा दिइन्। राज्यलाई मात्रै ८४ अर्ब रुपैयाँ भन्दा बढी क्षति पुगेको उल्लेख गर्दै उनले राजनीतिक दलका कार्यालय, निजी घर र व्यवसायमा भएको क्षतिको लेखाजोखा अझै बाँकी रहेको बताइन् ।

उनको बुझाइमा उक्त घटनाहरू कुनै स्वःस्फूर्त देशभक्त आन्दोलन नभई लामो तयारीसहित गरिएको राजनीतिक षड्यन्त्र थियो । ‘यस्ता संकटबाट मुलुकलाई बाहिर निकाल्ने एकमात्र विकल्प फागुन २१ को निर्वाचन हो,’भुसालले भनिन् ।

यस्तै उनले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न हुने विषयमा अझै आशंका कायम रहेको पनि स्पष्ट पारिन् । सरकारकै दायित्व निर्वाचनको वातावरण निर्माण गर्नु रहेको भन्दै उनले सबै दलले निर्बाध रूपमा जनतामाझ पुग्न पाउने परिस्थिति सुनिश्चित गर्न आग्रह गरिन् । समानुपातिकतर्फको उम्मेदवारी दर्ताले निर्वाचन हुने संकेत दिएको उनको विश्लेषण थियो ।

इतिहासका ठूला राजनीतिक परिवर्तनको नेतृत्व गरेका दलहरूलाई ‘खतम’ भइसकेको भ्रम समाजमा फैलाइएको भन्दै भुसालले चिन्ता व्यक्त गरिन् । उमेरले मात्रै नयाँ हुँदैमा दीर्घकालीन दृष्टि, विचार र ऐतिहासिक विरासत नबोक्ने शक्तिबाट आमूल परिवर्तन सम्भव नहुने उनको तर्क थियो । सूचना प्रविधिको दुरुपयोगबाट भ्रमलाई सत्यझैं प्रस्तुत गर्ने प्रवृत्तिले राजनीतिमा थप चुनौती सिर्जना गरेको उनको भनाइ थियो । ‘विचार र सिद्धान्तविहीन लोकप्रियताले राजनीति कब्जा गर्ने खतरा बढेको छ,’उनले भनिन्, ‘प्रविधि सही सूचनाको माध्यम पनि बन्न सक्छ, यदि हामीले भ्रम चिर्दै सत्यलाई जनतासम्म पुर्‍याउन सक्यौं भने मात्रै उपलब्धि सम्भव हुन्छ ।’

उनले देशका सबैभन्दा ठूला पूँजीपति वर्गका व्यक्तिहरू ‘रास्वपा’को समानुपातिक सूचीमा समेटिएको तथ्य उल्लेख गर्दै त्यस्ता शक्तिहरूले साना तथा मझौला वर्गको हित प्रतिनिधित्व गर्न नसक्ने दाबी गरिन् । राष्ट्रिय स्वतन्त्रता र स्वाधिनताको वास्तविक मालिक नेपाली जनता भएको उल्लेख गर्दै भुसालले विगतमा पछाडि पारिएका समुदायलाई नीतिगत रूपमा मूलधारमा ल्याउने काम गरिएको स्मरण गराइन् । तर जनताको सार्वभौमसत्ताबाट बनेको संविधान आज संकटमा परेको उनको निष्कर्ष थियो ।

ललितपुर जिल्लाको सांस्कृतिक, कलात्मक र ऐतिहासिक पहिचानतर्फ संकेत गर्दै उनले गाउँ र सहर जोडिएको यस जिल्लाले स्थानीय कच्चा पदार्थमा आधारित उद्यम व्यवसायमार्फत इतिहास र आधुनिकतालाई जोड्दै अग्रगामी भूमिका खेल्नुपर्ने धारणा राखिन् । साना तथा मझौला उद्यमीको पेशागत समस्या समाधानका लागि सामूहिक सौदाबाजी र जिल्लाको विशिष्टताअनुसार योजना निर्माण गर्न सक्ने गतिशील नेतृत्व आवश्यक रहेको उनको आग्रह थियो ।

कार्यक्रममा नेकपाका केन्द्रीय महाधिवेशन आयोजक कमिटी सदस्य हरि दाहाल (ललित)ले साना व्यापारीहरू एकजुट हुँदा व्यवसाय सञ्चालनका क्रममा देखिने समस्या समाधान गर्न सहज हुने बताए । उनले अधिवेशनबाट चुस्त र प्रभावकारी समिति निर्माण गरी महासंघलाई पालिकास्तरसम्म विस्तार गर्नुपर्ने आवश्यकता औंल्याए ।

नेपाल उद्योग व्यापार महासंघका केन्द्रीय अध्यक्ष खिमलाल भण्डारीले मुलुकमा व्याप्त कुशासनकै कारण व्यापार र लगानीको वातावरण बिग्रिएको गुनासो गरे । राज्यले व्यवसायमैत्री नीतिगत व्यवस्था गर्न नसकेको भन्दै महासंघले साना व्यवसायीको हितमा निरन्तर आवाज उठाउँदै आएको उनको भनाइ थियो ।

महासंघ बागमती प्रदेशका महासचिव सन्तोष पौडेलले २०७९ असार ३० गते काठमाडौं जिल्ला प्रशासन कार्यालयमा दर्ता भई संस्था क्रियाशील रहेको जानकारी दिए। संस्थागत विकासमार्फत साना व्यवसायीका समस्या समाधान र उत्पादनसँग जोडिएको समाजोन्मुख अर्थतन्त्र निर्माणमा महासंघ सक्रिय रहेको उनले बताए । ललितपुर जिल्ला अध्यक्ष राज घिमिरेले महासंघलाई साना तथा मझौला व्यवसायीको वास्तविक हित प्रतिनिधित्व गर्ने संस्थाका रूपमा सुदृढ बनाउँदै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे । फागुन २१ को निर्वाचनलाई केन्द्रमा राखेर उठेका यी आवाजहरूले लोकतन्त्र, संविधान र राष्ट्रियताको बहसलाई अझै तीव्र बनाइरहेका छन् ।

# राप्रपामा मतदानबाट खस आर्यतर्फ तीन समानुपातिक उम्मेदवार चयन



**काठमाडौं/मस-** राष्ट्रिय प्रजातान्त्रिक पार्टी (राप्रपा)ले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत खस आर्य समूहतर्फको बन्द सूचीमा रहने पहिलो तीन उम्मेदवारको चयन प्रजातान्त्रिक विधिबाट गरेको छ । पार्टीको कार्यसम्पादन समितिको बैठकमा गरिएको मतदानमार्फत उम्मेदवारहरू छनोट गरिएको हो ।

सो मतदानमा सर्वाधिक मत प्राप्त गर्दै भरत गिरी खस आर्य समूहको समानुपातिक बन्द सूचीमा पहिलो नम्बरमा चयन भएका छन् । उनी हाल राप्रपाको कार्यसम्पादन समिति सदस्यसमेत छन् ।

यसअघि सम्पन्न राप्रपाको खस आर्य समूहको आन्तरिक निर्वाचनमा पनि गिरीले सर्वाधिक मत प्राप्त गर्दै मधेश-प्रदेश अध्यक्षका उम्मेदवारका रूपमा चयन भएका थिए । यस्ता आन्तरिक लोकतान्त्रिक अभ्यासले पार्टी संगठनलाई सुदृढ बनाउनुका साथै नेतृत्व चयनमा पारदर्शिता र सहभागिताको संस्कारलाई मजबुत बनाएको छ ।

भरत गिरी समाजसेवा, संगठन निर्माण तथा जनसरोकारका विषयमा लामो समयदेखि सक्रिय रहँदै आएका एक निष्ठावान र कर्मशील नेताका रूपमा परिचित छन् । मधेश प्रदेशका जनताको हक-अधिकार, समावेशी विकास र सामाजिक न्यायका विषयमा उनले निरन्तर आवाज उठाउँदै आएका छन् ।

शिक्षा र स्वास्थ्यलाई राष्ट्र निर्माणको आधार मानेर यी क्षेत्रमा दीर्घकालीन सुधार आवश्यक रहेको धारणा राख्दै आएका गिरीले गुणस्तरीय शिक्षा र सुलभ स्वास्थ्य सेवा बिना दिगो विकास सम्भव नहुने बताउँदै आएका छन् ।

पार्टीभित्र उनीप्रति रहेको विश्वास र जिम्मेवारीको संकेतका रूपमा समानुपातिक बन्द सूचीको पहिलो नम्बरमा चयन भएका गिरीको अनुभव र स्पष्ट दृष्टिकोणले मधेश-प्रदेशसहित समग्र देशको राजनीतिक नेतृत्वमा सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । यस्तै सूचीको दोस्रो नम्बरमा धार्मिक क्षेत्रको प्रतिनिधीको रुपमा पुष्पराज पुरुष रहेका छन् । उनी राप्रपाको धर्म संस्कृति विभाग र धार्मिक संगठनका प्रमुख हुन् ।

यस्तै, धर्मराज जोशी तेस्रो नम्बरमा रहेका छन् । उनी सुदूरपश्चिम प्रदेश प्रमुख हुन् ।

# नेत्रज्योति संघ रौतहट शाखाद्वारा १७ लाख बढीलाई सेवा, १ लाख बढीको शल्यक्रिया




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ पुस

नेपाल नेत्रज्योति संघ रौतहट शाखाको ३१औं वार्षिक साधारण सभा गौर आँखा अस्पताल पुरेनवाको सभाकक्षमा भव्यताका साथ सम्पन्न भएको छ । संघका जिल्ला अध्यक्ष एवं गौर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष विजयकुमार सिंहको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा अस्पतालको प्रगति चुनौती र आगामी लक्ष्यबारे विस्तृत छलफल गरिएको थियो ।

साधारण सभाका प्रमुख अतिथि एवं नेपाल नेत्रज्योति संघ केन्द्रीय कार्यालयका वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेलले कार्यक्रमलाई सम्बोधन गर्दै गौर आँखा अस्पताललाई यो उचाइमा पुर्‍याउन विभिन्न क्षेत्रका व्यक्तिहरूको अमूल्य योगदान रहेको चर्चा गरे । उनले निजी क्षेत्रका अस्पतालहरू प्रचारबाजीमा बढी केन्द्रित हुने गरेको उल्लेख गर्दै नेत्रज्योति संघद्वारा सञ्चालित अस्पतालहरूले भने प्रचारभन्दा गुणस्तरीय सेवालाई प्राथमिकता दिएको बताए ।

‘हामी सेवाको गुणस्तरमा विश्वास गर्छौं, त्यसैले जनविश्वास बढ्दो छ,’ पोखरेलले भने, ‘आगामी दिनमा हाम्रो सेवालाई अझ व्यापक बनाउन स्थानीय स्तरसम्म प्रचार-प्रसारका कार्यहरूलाई पनि अगाडि बढाउनेछौं ।’ संघ मधेश प्रदेशका सभापति एवं सागरमाथा चौधरी आँखा अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले आँखा शरीरको अति संवेदनशील अंग भएको बताउँदै समयमै हेरचाह र खानपानमा ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा राजनीतिकर्मी एवं समाजसेवी रेबन्त झाले गौर आँखा अस्पतालले रौतहटबासीलाई उपचारका लागि बाहिर जानुपर्ने बाध्यताबाट मुक्ति दिएको बताए । नेपालका सीमावर्ती क्षेत्रका साथै भारतको सिवान, छपरा, पूर्वी चम्पारण, पश्चिमी चम्पारण, वैशाली र उत्तरप्रदेशबाट समेत ठूलो संख्यामा बिरामीहरू उपचारका लागि यहाँ आउनुले अस्पतालको विश्वसनीयता र गुणस्तर पुष्टि गरेको उनको भनाइ थियो ।

अस्पतालका प्रशासन प्रमुख नागेश्वर प्रसाद चौधरीले स्थापनाकालदेखि हालसम्मका विभिन्न बाधा-अवरोध पार गर्दै ३१औं वर्षमा प्रवेश गर्नु गौरवको विषय भएको बताए । उनले प्रस्तुत गरेको तथ्यांक अनुसार हालसम्म १७ लाख ८० हजार ५ सय ९० जनाले सेवा लिएका छन् । १ लाख ९१ हजार ७ सय २९ जनाको सफल शल्यक्रिया गरिएको छ । आधुनिकीकरणका लागि अझै केही उपकरणहरूको अभाव रहे तापनि उपलब्ध स्रोत साधनबाटै उत्कृष्ट सेवा प्रदान गरिरहेको उनले प्रष्ट पारे । साधारण सभामा संघका जिल्ला सचिव बच्चा प्रसाद यादवले वार्षिक प्रगति प्रतिवेदन र कोषाध्यक्षको तर्फबाट वरिष्ठ लेखा अधिकृत पवनकुमार न्यौपानेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । सो अवसरमा संस्थामा उत्कृष्ट योगदान पुर्‍याउने व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो । सम्मानित हुनेहरूमा वरिष्ठ उपाध्यक्ष श्यामकुमार पोखरेल, मधेश प्रदेश अध्यक्ष रबीन्द्रलाल चौधरी, निवर्तमान अध्यक्ष दुर्गा प्रसाद यादव, वरिष्ठ सञ्चारकर्मी प्रभातकुमार झा तराई टप अस्पताल कर्मचारी मनोज पासवान, अप्टिसिएन चालक गौरीशंकर राउत छन् ।

यस्तै, नेपाल-भारत मैत्री संघका अध्यक्ष गृषनन्दन सिंह, मध्यान्हकर्मी सत्येन्द्र प्रताप सिंह, विजय श्रीवास्तव, चन्दनकुमार पटेल र मनोज यादवलाई मायाको चिनो प्रदान गरिएको थियो । सञ्जीवकुमार मल्लिकको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा पूर्व अध्यक्ष दुर्गा प्रसाद यादव, वरिष्ठ चिकित्सक डा. सुरेन्द्र मिश्र, अस्पतालका कर्मचारीहरू र संघका आजीवन सदस्यहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

# लायन्स क्लब अफ सैनामैना बोलबमद्वारा मधुमेह परीक्षण



**प्रदीप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १५ पुस

लायन्स क्लब अफ सैनामैना बोलबमले मधुमेह परीक्षण कार्यक्रम सम्पन्न गरेको छ ।

क्लबको वार्षिक कार्यक्रमअनुसार स्वास्थ्यसम्बन्धी मधुमेह परीक्षण कार्यक्रम आयोजना गरिएको क्लबले जनाएको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि एलसीआई डिस्ट्रिक्ट ३२५ पि नेपाल जिएटी टिम युथ संयोजक लायन सुरेन्द्र घिमिरेले जनसेवाका निमित्त क्लबले गरेको सुगर परीक्षण कार्यक्रमले समाजमा सकारात्मक प्रभाव पार्ने भन्दै खुलेर प्रशंसा गरे ।

कार्यक्रममाथि प्रकाश पार्दै क्लबका अध्यक्ष सौगात भट्टराईले सामाजिक उत्तरदायित्व अन्तर्गत वार्षिक कार्ययोजना अनुसार कार्यक्रम गरिएको बताए । बुटवल हस्पिटल प्रा.लि.का स्वास्थ्यकर्मी टीका थापा र जमुना बगालेले सेवाग्राहीहरूको सुगर परीक्षण गरेका थिए ।

सैनामैना नगरपालिका वडा नं.२ इन्द्रेणी टोलस्थित शिवालय मन्दिर परिसरमा सम्पन्न कार्यक्रममा करिब १२० जनाको मधुमेह परीक्षण गरिएको जानकारी क्लबका अध्यक्ष भट्टराईले दिए । कार्यक्रममा इन्द्रेणी टोल विकास संस्थाका अध्यक्ष रामप्रसाद अधिकारी, गोदावरी सहकारीका संस्थापक अध्यक्ष लक्ष्मी जोशी, डिस्ट्रिक्ट एडभाइजर चित्र के.सी., प्रमुख अतिथि सुरेन्द्र घिमिरेलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रम लायन्स क्लब अफ सैनामैना बोलबमका अध्यक्ष लायन सौगात भट्टराईको अध्यक्षता, एलसीआई डिस्ट्रिक्ट ३२५ पि नेपाल जिएटी टिम युथ संयोजक लायन सुरेन्द्र घिमिरेको प्रमुख आतिथ्यता तथा सैनामैना नगरपालिका वडा नं. २ का अध्यक्ष अमर कँडेलको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा इन्द्रेणी टोल विकास संस्थाका अध्यक्ष रामप्रसाद अधिकारी, शिव मन्दिर निर्माण समिति अध्यक्ष गोविन्द घिमिरे, डिस्ट्रिक्ट एडभाइजर चित्र बहादुर.के.सी., डिस्ट्रिक्ट चिफ लायन तिलक के.सी., चार्टर्ड प्रेसिडेन्ट लायन हरि पोखरेल, क्लबका पदाधिकारीहरू तथा गोदावरी सहकारीका संस्थापक अध्यक्ष लक्ष्मी जोशीलगायत विभिन्न संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रम क्लबकी तृतीय उपाध्यक्ष माया जोशीको संयोजकत्व, प्रथम उपाध्यक्ष लायन लक्ष्मी श्रेष्ठको स्वागत मन्तव्य तथा क्लबकी सचिव लायन सुनिता अधिकारीको सञ्चालनमा सम्पन्न भएको हो ।

# चोरीको ६५ लाख रकमसहित पक्राउ




**दाङ/मस-** दाङको तुलसीपुर उपमहनगरपालिका-६ गोलौराका एक युवकलाई चारी गरेको ६५ लाख १७ हजार रकमसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय तुलसीपुरको टोलीले २४ वर्षीय दुर्गाबहादुर केसीलाई पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख होमबहादुर पराजुलीका अनुसार केसीको घरमा खोजतलासी गर्दा स्रोत नखुलेको उक्त रकम बरामद गरिएको हो । केसी सोमबार राति मात्र काठमाडौंबाट घर फर्किएका हुन् । उनले चोरी गरिरहेको सिसिटिभी फुटेज कैदका आधारमा उनको घरमा खोजतलासी गर्दा उक्त रकम बरामद भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर शाहले जानकारी दिए । काठमाडौंको विशालनगरमा रहेको डिसहोम फाइबरनेटका सञ्चालकको घरबाट चोरी गरिरहेको सिसिटिभी फुटेज प्रहरीलाई प्राप्त भएपछि प्रहरीले निजको घर यकिन गरी रातभर निगरानी गरेको थियो । केसीलाई मंगलबार सो रकमसहित प्रहरीले पक्राउ गरेको हो । पक्राउ परेका केसीका सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बर्दियाका महिलालाई इलेक्ट्रोनिक अटो रिक्सा सहयोग



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १५ पुस

बर्दिया जिल्लाका चार स्थानीय तहका छ जना महिलालाई इलेक्ट्रोनिक अटो रिक्सा सहयोग प्रदान गरिएको छ । प्लान इन्टरनेसनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप) को साझेदारीमा सञ्चालित बालविवाह न्यूनीकरण परियोजनाअन्तर्गत उक्त सहयोग उपलब्ध गराइएको हो ।

बालविवाहको जोखिममा परेका तथा आर्थिक रूपमा विपन्न महिलालाई लक्षित गर्दै प्रति अटो रिक्सा रु.२ लाख ३३ हजार ७ सयका दरले कुल रु.१४ लाख २ हजार २ सय बराबरको सहयोग प्रदान गरिएको परियोजनाले जनाएको छ । परियोजनाअन्तर्गत गेरुवा गाउँपालिकाबाट २ जना, मधुवन नगरपालिकाबाट २ जना, ठाकुरबाबा नगरपालिकाबाट १ जना र बारबर्दिया नगरपालिकाबाट १ जना महिलाले इलेक्ट्रोनिक अटो रिक्सा प्राप्त गरेका छन् । इलेक्ट्रोनिक अटो रिक्सा सञ्चालनमार्फत महिलाहरूको आयआर्जनमा वृद्धि हुने, परनिर्भरता न्यूनीकरण हुने तथा दीर्घकालीन आर्थिक सशक्तीकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## खानेपानी सामग्री हस्तान्तरण

यसै परियोजनाअन्तर्गत ठाकुरबाबा नगरपालिकाभित्र रहेका तीन वटा विद्यालयका लागि सुरक्षित खानेपानीसम्बन्धी सामग्री समेत हस्तान्तरण गरिएको छ । परियोजना सञ्चालन भइरहेका नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठाकुरद्वारा, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कर्मला र हिमालय आधारभूत विद्यालय मिर्चैयाका लागि करिब रु. १३ लाख २९ हजार बराबरका खानेपानी फिल्टर, पानी ट्यांकी तथा अन्य आवश्यक सामग्री एक औपचारिक कार्यक्रमकाबीच ठाकुरबाबा नगरपालिकाकी उपप्रमुख विनाकुमारी भट्टराईलाई हस्तान्तरण गरिएको हो ।

विद्यालयस्तरमा सुरक्षित खानेपानीको पहुँच सुनिश्चित गर्दै स्वच्छ, सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्ने उद्देश्यले सामग्री हस्तान्तरण गरिएको बी-ग्रुपका अध्यक्ष डा.इन्द्रबहादुर भण्डारीले जानकारी दिए । उनका अनुसार यस पहलबाट विद्यालयमा अध्ययनरत बालबालिकाले सहज रूपमा शुद्ध खानेपानी प्राप्त गर्ने अवस्था सिर्जना हुनेछ ।

हस्तान्तरण गरिएका खानेपानी फिल्टर तथा सामग्री प्रयोगमा आएपछि पखाला, जण्डिस, टाइफाइडजस्ता पानीजन्य रोगको जोखिम घट्ने, विद्यार्थीको स्वास्थ्य अवस्थामा सुधार आउने तथा विद्यालयमा नियमित उपस्थितिमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

**मलेसियामा रोजगार**
कम्पनी: DOUBLE THREE SECURITY SVS SDN BHD शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०९/१४ चलानी नं.: ६०२४९८१२ L.T. No.:336225

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 22 | 0 | स. काममा दक्ष | 1700 | ६०,१६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २३ गते (7 January 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Beta Manpower Resources Pvt. Ltd. Govt Lic. NO. 1527/074/075
Samakhusi-3, Jaldhara Marg, Kathmandu, Phone : 4959955/4959922
E-mail : betamanpowernepal@gmail.com

**Saudi/Malaysia मा रोजगार**
1. Sumou Motors Company. , Saudi
पुर्व स्वीकृती मितिः २०८२/०९/०५ चलानी नं. ६०२४९८५३ LT No.: 335490

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Office and Facility Cleaner | 3 | काममा दक्ष | 1000 | ३८,३००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

2. View Beach Hotel, Saudi पुर्व स्वीकृती मितिः २०८२/०९/१३ चलानी नं.: ६०२४९८५२ LT No.: 336110

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Housekeeping Workers | 3 | काममा दक्ष | 1200 | ४५,९७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

3. Hong Cheng Poultry Farm Sdn. Bhd., Malaysia पुर्व स्वीकृती मितिः २०८२/०९/१४ चलानी नं.: ६०२४९८५१ LT No.: 336200

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker (Agriculture) | 5 | [illegible] | 1700 | ६०,३९०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ पौष २३ गते (7 Jan., 2026) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ ।

POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

# रास्वपाको समानुपातिक सूचीमा कलाकार र सेलिब्रिटी

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचन आयोगमा दर्ता गराएको ११० सदस्यीय समानुपातिक उम्मेदवारको बन्दसूचीमा मनोरञ्जन क्षेत्रका परिचित अनुहारहरूको उल्लेखनीय सहभागिता देखिएको छ। यसपटक पार्टीको सूचीमा फिल्म, संगीत र सौन्दर्य प्रतियोगितासँग जोडिएका व्यक्तित्वहरू ठुलो संख्यामा समेटिएका छन्।

पूर्वमिस नेपाल, गायक, अभिनेता, मोडलदेखि टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने कलाकारसम्म रास्वपाको सूचीमा परेका छन्। आफूलाई वैकल्पिक राजनीतिक धारका रूपमा प्रस्तुत गर्दै आएको रास्वपाले ६ जना कलाकारलाई समानुपातिक उम्मेदवारका रूपमा अघि सारेको हो। सोमबार पार्टीले बालेन शाह र कुलमान घिसिङ समूहसँग समन्वय गर्दै उम्मेदवारहरूको नामावली निर्वाचन आयोगमा बुझाएको थियो।

सूचीअनुसार सन् २०१९ की मिस नेपाल अनुष्का श्रेष्ठ आदिवासी महिला समूहबाट चौथो स्थानमा छन्। दलित समूहबाट गायक तथा अभिनेता प्रकाश सपूत दोस्रो नम्बरमा परेका छन्। सोही समूहको पहिलो स्थानमा मोडल तथा अभिनेता डा. रूपक विश्वकर्मा घिमिरे (आयुष्मान) छन्, जो पेशाले चिकित्सक हुन्।

दलित महिला समूहअन्तर्गत टेलिभिजन प्रस्तोता, मोडल तथा अभिनेत्री रीमा विश्वकर्मा पहिलो नम्बरमा राखिएकी छन्। उनी कुलमान घिसिङ समूहसँग आबद्ध छिन् र उज्यालो नेपाल पार्टी रास्वपामा समाहित हुनुअघि त्यस पार्टीको केन्द्रीय तहमा सक्रिय थिइन्।



त्यस्तै, अभिनेता तथा निर्माता आसिफ शाहलाई मुस्लिम समूहबाट पहिलो स्थानमा राखिएको छ। उनका दाजु, फिल्म निर्देशक असिम शाह यसअघि रास्वपाबाट समानुपातिक सांसद बनेका थिए भने आसिफले यसपटक समानुपातिकमार्फत उम्मेदवारी पाएका हुन्।

रास्वपाको सूचीमा गायिका तथा 'काँडेतार' फिल्मकी निर्मात्री सत्यकला राईको नाम पनि समावेश गरिएको छ। उनी आदिवासी जनजाति समूहबाट अघि सारिएकी हुन्। सोही समूहबाट गायिका डा. त्रिशाला गुरुङ पनि समानुपातिक सूचीमा परेकी छन्, जो कुलमान घिसिङ समूहको कोटाबाट उम्मेदवार बनेकी हुन्।

अघिल्ला निर्वाचनहरूमा कलाकारहरूलाई राजनीतिक दलहरूले प्रचार र जनसमर्थन जुटाउने माध्यमका रूपमा मात्र प्रयोग गरेको आलोचना हुँदै आएको थियो। तर यसपटक केही नयाँ राजनीतिक दलहरूले कलाकारलाई प्रत्यक्ष राजनीतिक भूमिकामा प्रवेश गराउने प्रयास थालेका छन्। रास्वपाको समानुपातिक सूची त्यसको उदाहरणका रूपमा हेरिएको छ। यता, नेकपा एमालेले पनि समानुपातिकतर्फ एक जना कलाकारलाई अघि सारेको छ। सोमबार राति आयोगमा बुझाइएको एमालेको सूचीमा महिला समूहबाट गायिका तथा अभिनेत्री कोमल वलीको नाम समावेश छ। दाङबाट सिफारिस भएकी वली यसअघि एमालेकै तर्फबाट चार वर्ष राष्ट्रिय सभा सदस्य रहिसकेकी छन्।

# 'आ बाट आमा'को अभिनय प्रतियोगिता हुने

**काठमाडौं/मस–** चलचित्र 'आ बाट आमा'ले आफ्नो शीर्ष गीत 'लैजा खबर ए हावा'लाई केन्द्रमा राख्दै कभर सङ र अभिनय प्रतियोगिताको घोषणा गरेको छ। निर्माण टिमले सोमबार प्रतियोगिताबारे औपचारिक जानकारी सार्वजनिक गरेको हो।

प्रतियोगितामा सहभागी हुन इच्छुकले गीतको कभर गाएर वा गीतमा अभिनय गरेर भिडियो तयार गर्नुपर्नेछ। सहभागीले तयार पारेका भिडियोहरू माघ १२ गतेभित्र टिकटकमा अपलोड गरिसकेको हुनुपर्नेछ। सो अवधिभित्र अपलोड भएका भिडियोहरूलाई मात्र प्रतिस्पर्धामा समावेश गरिने निर्माण पक्षले जनाएको छ।

उत्कृष्ट गायन वा अभिनय प्रस्तुत गर्ने प्रतियोगीलाई ५० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ। निर्देशक चन्द्र पन्तका अनुसार उत्कृष्ट भिडियो छनोट गरी माघ १४ गते विजेतालाई पुरस्कार प्रदान गरिनेछ। प्रतियोगितामा सहभागी हुँदा भिडियो अपलोड गर्दा ओएसआर डिजिटलको टिकटक अकाउन्ट अनिवार्य रूपमा मेन्सन गर्नुपर्ने उनले स्पष्ट पारे।

हाल चर्चामा रहेको 'लैजा खबर ए हावा' गीत युट्युबमा रिलिज भएको दुई सातामै २६ लाखभन्दा बढी पटक हेरिएको छ। गीतले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहेका बेला निर्माण पक्षले प्रतियोगिता घोषणा गरेपछि फिल्मप्रति थप चासो बढ्ने अपेक्षा गरिएको छ।

आर्य इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण भएको चलचित्र 'आ बाट आमा'मा निर्देशक पन्तकै कथा तथा पटकथा रहेको छ। चलचित्रमा विपना थापा, पल शाह, प्रदीप रावत, विशाल पहाडी, गजित बिष्ट, रवीन्द्र झा, हेमराज अधिकारी, दिलिप उखेडा, रचना गौतम लगायत कलाकारको अभिनय रहेको छ।

# 'प्रवासी जीवन'को टिजरमा मानसिक संघर्ष र सपनाको कथा



**काठमाडौं/मस–** महानायक राजेश हमाल अभिनीत बहुप्रतीक्षित चलचित्र 'प्रवासी जीवन'को टिजर सार्वजनिक गरिएको छ। आगामी फागुन १५ गतेदेखि नेपालभर प्रदर्शनमा आउने तयारीमा रहेको यस फिल्मले वैदेशिक भूमिमा बस्ने नेपालीहरूको संघर्ष, मानसिक पीडा र आशाको कथा प्रभावशाली रूपमा प्रस्तुत गर्ने संकेत टिजरले दिएको छ। सार्वजनिक गरिएको टिजरमा महानायक हमालसँगै सरिता लामिछाने, श्याम क्षेत्री, बुद्धी तामाङ, दिव्या न्यौपाने लगायतका कलाकारहरू देखिन्छन्। उज्ज्वल भविष्य र स्थायित्वको खोजीमा संयुक्त राज्य अमेरिका पुगेका नेपालीहरूले भोग्नुपर्ने संघर्ष, उतारचढाव र चुनौती फिल्मको मूल कथावस्तु हो। चलचित्रलाई श्याम क्षेत्री र राम अधिकारीले संयुक्त रूपमा निर्देशन गरेका हुन्।

टिजरको सुरुवात निर्देशकसमेत रहेका कलाकार श्याम क्षेत्रीको संवादबाट हुन्छ, जहाँ उनी आफ्नै कथा सुनाइरहेका जस्तो भाव प्रस्तुत गर्छन्। त्यसपछि क्रमशः प्रवासी जीवनका पीडादायी दृश्य, पारिवारिक दूरी, मानसिक दबाब र सपनाको खोजीमा गरिएको संघर्ष देखाइन्छ। टिजरमा फिल्मका अधिकांश प्रमुख कलाकारलाई स्थान दिइएको छ, जसले कथाको व्यापकता र गहिराइलाई झल्काउँछ।

निर्देशक श्याम क्षेत्रीका अनुसार, फिल्मले धेरैले बेवास्ता गर्ने मानसिक स्वास्थ्यको विषयलाई केन्द्रमा राखेको छ। उनले भने, 'हामी प्रवासी जीवनका भौतिक दुःखका कुरा धेरै गर्छौं, तर मानसिक रूपमा भोग्नुपर्ने यातनालाई प्रायः नजरअन्दाज गर्छौं। प्रवासी जीवनले त्यो अदृश्य पीडा र त्यसबाट निस्कँदै जाँदा देखिने सुन्दर भविष्यलाई देखाउने प्रयास गरेको छ। यो फिल्मले सरल जस्तो देखिने, तर गम्भीर समस्यालाई उठान गरेको छ।' उनका अनुसार विदेश पुगेका धेरै नेपालीले यस कथामा आफूलाई वा आफ्ना वरपरका पात्रलाई सहजै भेट्टाउन सक्छन्।

चलचित्रमा राजेश हमाल, सरिता लामिछाने, बुद्धि तामाङ, महादेव त्रिपाठी, एन्जेला बस्नेत, गगन सुवेदी, लोकेश भित्रीकोटी, दिव्या न्यौपाने, अबिगेल लुहार, प्रासु गिरी, शिखा अधिकारी लगायतको अभिनय रहेको छ। साथै निर्देशक श्याम क्षेत्री स्वयं पनि महत्वपूर्ण भूमिकामा देखिएका छन्।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/१६**

**कासा मिट्ज प्रा. लि.** को मिति २०८२/०८/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अन्तरा हस्पिटालिटीज प्रा. लि. (दर्ता नं. ३२८११४)** कायम गर्ने गरी मिति २०८२/०९/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## साउदीमा रोजगार

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY. शहरः RAWDAH
पूर्व स्वीकृत मितिः २०८२/०८/२३ चलानी नं.: ६०२४९८४७ LT. No.:335025

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Workers, Steel Constru | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY शहरः RAWDAH
पूर्व स्वीकृत मितिः २०८२/०९/०८ चलानी नं.: ६०२४९८४६ LT. No.: 335843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY शहरः RAWDAH
पूर्व स्वीकृत मितिः २०८१/१२/२६ चलानी नं.: ६०२३३९८३८ LT. No.: 321753 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 26 | 0 | स. काममा दक्ष | 2500 | ६८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY शहरः RAWDAH
पूर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२१९३४९ LT. No.: 304512 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 26 | 0 | स. काममा दक्ष | 1800 | ६८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MAWARID RECRUITMENT COMPANY शहरः RAWDAH
पूर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२१९३४८ LT. No.: 304511 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 47 | 0 | स. काममा दक्ष | 1800 | ६८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २७ गते (11 January 2026) मा हुनेछ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर इटहरी सुनसरीमा २०८२ पुस २८ गते (12 January 2026) मा हुनेछ।
अन्तर्वार्ता ए वान ट्रेनिङ सेन्टर गोलबजार सिराहमा २०८२ पुस २९ गते (13 January 2026) मा हुनेछ।
अन्तर्वार्ता श्री राम जानकी ट्रेनिङ सेन्टर बर्दिवास मोहत्तरीमा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ।
अन्तर्वार्ता न्यू राम जानकी ट्रेनिङ सेन्टर जनकपुर धनुषामा २०८२ पुस ३० गते (14 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि. श्रम इजाजत पत्र नं. ७१३/०६४/०६५
बतिसपुतली-९, काठमाडौं, फोन नं. ०१-४५६५३९४, ९८२३३२३५७७, E-mail: threebrothershrrec@gmail.com

## कतारमा रोजगार

कम्पनी : ANBARA KITCHENS W.L.L शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०४/०५ चलानी नं.: ६०२४१२७५ LT. No.: 327434 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASST.COOK | 5 | 8 | स. काममा दक्ष | 1300 | ५१,२३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २३ गते (7 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

SGMC Gov. Lic. No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457 Email: info@shermanconsultants.com.np/ hr@shermanconsultants.com.np

## साउदीमा रोजगारको अवसर

कम्पनीः ITQAN AL-USTOURA PLASTIC FACTORY शहरः RIYADH
पूर्व स्वीकृत मितिः२०८२/०९/१३ चलानी नंः ६०२४९८४४ LT. No.: 336171

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस २३ गते (7 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

## युएईमा रोजगार

कम्पनी : SOLUTIONS HYGIENE LLC शहरः ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०५/२४ चलानी नं.: ६०२२५०९६ L.T. No.: 310369 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 24 | 37 | स. काममा दक्ष | 900 | ३५,३०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस २३ गते (7 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

ROTARY OVERSEAS PVT. LTD. Govt. Lic. No. 562/062/063
Basundhara-3, Kathmandu, Tel : 5903872, 5903873, Mobile : 9818216982, 970-2026500, 9851035262, 9815066489, Email: info@rotaryoverseas.com, Web.: www.rotaryoverseas.com

## कतारमा रोजगार

कम्पनी : CROSS FIT PLUS FITNESS CENTER शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८२/०९/१४ चलानी नं.: ६०२४९८४८ L.T. No.: 336229

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Receptionist (Female) | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GYM Teacher | 1 | 1 | | 2500 | ९८,५२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २३ र २४ गते (7 & 8 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

AMAN IPM OVERSEAS PVT. LTD. Govt. Lic. No. 1262/074/075
Baluwatar- 04, Kathmandu, Nepal, Tel.: 01- 4512370, 4512377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np

## UAE मा रोजगार

कम्पनीः A G FACILITIES SOLUTIONS FOR BUILDING MAINTENANCE LLC शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८२/०३/११ चलानी नं.: ६०२४०१२८ LT. No.: 326211 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 102 | सम्बन्धित काममा दक्ष | 800 | ३१,२९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners Male | 65 | 0 | | 800 | ३१,२९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस २३ गते (7 January 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd. श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११११२६


# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**लहान (सिरहा)**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०९/१६**

यस कार्यालयबाट मिति २०८२/०७/२४ मा राष्ट्रिय दैनिक मध्यान्ह पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार देहाय बमोजिमको Contract ID/बस्तु खरिद कार्यकोलागि प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तल उल्लेखित बोलपत्रदाताहरुको बोलपत्र "न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतकालागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. न. | ठे.न. | योजनाको नाम र स्थल | बोलपत्रदाताहरुको नाम र ठेगाना | न्यूनतम कवोल अंक (भ्याट समेत) रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | LMUN-G02-NCB-2082-83-14 | Supplying and Delivery medium class colour C.G.I. Sheet for roofing works. | Siddhartha hardwares pvt. Ltd. Butwal-04, Rupandehi | 73,87,037.00 | बोलपत्र स्वीकृतको लागि सिफारिस |
| 2. | LMUN-G03-NCB-2082-83-15 | Supplying and Delivery Basic Medicine for Community Health Post. | Gitashwini Promed Pvt. Ltd. Budhanilkantha-08, Kathmandu | 9,17,293.28 | बोलपत्र स्वीकृतको लागि सिफारिस |

प्रमुख प्रशासकीय अधिकृत

## एनभिए भलिबल च्याम्पियनसिप

# पुलिस, एपिएफ, न्यु डायमन्ड र आर्मी सेमिफाइनलमा



**काठमाडौं/मस–** नेपाल पुलिस क्लब, एपिएफ क्लब र न्यु डायमन्ड क्लबको महिला टोली नवौं एनभिए भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

समूह 'बी'अन्तर्गत आइतबार भएको खेलमा नेपाल पुलिस क्लबले एपिएफलाई रोमाञ्चक प्रतिस्पर्धामा ३-२ सेटले पराजित गर्दै लगातार दोस्रो जित हात पारेको हो । पराजय बेहोरे पनि समूह चरणमा अघिल्ला दुई खेल जितेको एपिएफ अंकका आधारमा अन्तिम चारमा स्थान बनाउन सफल भयो ।

एक खेल कम खेलेका पुलिस र एपिएफ दुवैको समान ६ अंक छ । त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हलमा सम्पन्न खेलमा पुलिसले पहिलो दुई सेट २५-२१ र २५-१५ ले जितेको थियो । त्यसपछि एपिएफले तेस्रो र चौथो सेट क्रमशः २५-२२ र २५-२१ ले आफ्नो पक्षमा पार्दै खेल बराबरीमा ल्यायो । निर्णायक पाँचौं सेटमा भने पुलिसले १५-९ को जित निकाल्दै सेमिफाइनल यात्रा पक्का गर्‍यो ।

समूह 'ए'बाट न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब विजेताका रूपमा सेमिफाइनलमा पुगेको छ । न्यु डायमन्डले समूहको अन्तिम खेलमा एभरेस्ट भलिबल क्लबलाई सोझो सेटमा हरायो । न्यु डायमन्डले एभरेस्ट क्लबलाई २५-२१, २५-१५ र २५-१४ ले सहजै पराजित गर्‍यो । न्यु डायमन्डको जितसँगै त्रिभुवन आर्मी क्लब यो समूहबाट उपविजेताका रूपमा सेमिफाइनलमा पुग्न सफल भयो । समान तीन खेलबाट न्यु डायमन्डले ९ अंक र आर्मीले ६ अंक जोड्यो । दुई खेलबाट एभरेस्ट र चुली युवा क्लब जितविहीन छन् । यी दुई टोली बुधबार भिड्ने तालिका छ ।

समूह 'ए' बाट न्यु डायमन्ड युथ स्पोर्ट्स क्लब विजेताका रूपमा सेमिफाइनलमा पुगेको छ । न्यु डायमन्डले समूहको अन्तिम खेलमा एभरेस्ट भलिबल क्लबलाई सोझो सेटमा हरायो । न्यु डायमन्डले एभरेस्ट क्लबलाई २५-२१, २५-१५ र २५-१४ ले सहजै पराजित गर्‍यो ।

न्यु डायमन्डको जितसँगै त्रिभुवन आर्मी क्लब यो समूहबाट उपविजेताका रूपमा सेमिफाइनलमा पुग्न सफल भयो । समान तीन खेलबाट न्यु डायमन्डले ९ अंक र आर्मीले ६ अंक जोड्यो । दुई खेलबाट एभरेस्ट र चुली युवा क्लब जितविहीन छन् ।

पुरुषतर्फ खिलजी युवा क्लबले पहिलो जित दर्ता गर्दै नवौं एनभिए भलिबल च्याम्पियनसिपको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । प्रतियोगिताको पाँचौं दिनको दोस्रो खेलमा खिलजीले ढोरपाटन स्पोर्ट्स क्लबलाई सोझो सेटमा ३-० ले पराजित गर्दै अन्तिम आठमा स्थान बनाएको हो ।

खिलजीले ढोरपाटनमाथि २५-१५, २५-१९ र २५-२३ को जित निकाल्दै समूह 'बी' मा पहिलो जित हासिल गर्‍यो । यसअघि नै दुवै खेल जितेर समूह विजेता बनेको नेपाल पुलिस क्लब नकआउट चरणमा पुगिसकेको छ । क्वार्टरफाइनलमा खिलजीले त्रिभुवन आर्मी क्लबको सामना गर्नेछ ।

यसैबीच, एपिएफ क्लबको पुरुष टोली पनि क्वार्टरफाइनलमा पुगेको छ । समूह 'ए' को अन्तिम खेलमा एपिएफले मणीमकुन्द भलिबल क्लबलाई ३-० को सोझो सेटमा हराउँदै अन्तिम आठको यात्रा तय गरेको हो । एपिएफले मणीमकुन्दलाई २५-१०, २५-१६ र २९-२७ ले पराजित गर्दै समूह उपविजेताका रूपमा नकआउट चरणमा स्थान बनायो ।

## सूर्य नेपाल सेन्ट्रल ओपन

# दोस्रो दिन राहुल शीर्ष स्थानमा कायमै

**काठमाडौं/मस–** सूर्य नेपाल गल्फ टुर २०२५-२६ को पहिलो प्रतियोगिता सूर्य नेपाल सेन्ट्रल ओपनको दोस्रो दिन डिफेन्डिङ च्याम्पियन एमेच्योर राहुल विश्वकर्मा शीर्ष स्थानमा कायमै रहन सफल भएका छन् ।

गोकर्ण गल्फ क्लबमा राहुलले ५-अन्डर ६७ को स्कोर बनाए । समग्रमा ११-अन्डर १ सय ३३ को स्कोरमा राहुलले प्रोफेसनल खेलाडी भुवन कुमार रोक्कालाई ७ स्ट्रोकले पछि पारे । भुवन समग्रमा ४-अन्डर १ सय ४० को नतिजामा दोस्रो स्थानमा उक्लिए । उनले मंगलबार ५-अन्डर ६७ स्कोर गरे । मंगलबार इभन-पार ७२ खेलेका जयराम श्रेष्ठ समग्रमा १-अन्डर १ सय ४३ को स्कोरमा तेस्रो स्थानमा तल झरे ।

